# भोटेकोशी बाढी प्रभावित बालबालिकाको अवस्था तथा आवश्यकता सम्बन्धी द्रुत लेखाजोखा प्रतिवेदन, २०८३




नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

**राष्ट्रिय बाल अधिकार परिषद्**

श्रीमहल, पुल्चोक, ललितपुर

| विवरण | संक्षिप्त जानकारी |
|---|---|
| लेखाजोखाको शीर्षक | भोटेकोशी बाढी प्रभावित बालबालिकाको अवस्था र आवश्यकता सम्बन्धी द्रुत लेखाजोखा २०८३ |
| सारांश | रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ र चितवन जिल्लाका बाढी प्रभावित बालबालिकाको अवस्था र तत्कालको आवश्यकता, बाल संरक्षण सम्बन्धी जोखिम, अत्यावश्यक सेवामा पहुँच, स्वास्थ्य, शिक्षा, मानसिक स्वास्थ्य, तथा मनोसामाजिक सहयोग, लैंगिक हिंसा, सुरक्षित आश्रयस्थल तथा स्थानीय संरक्षण तथा सिफारिस संयन्त्रको अवस्था पहिचान गर्नको लागि यो द्रुत लेखाजोखा अध्ययन गरिएको हो । विशेषगरी अपांगता भएका बालबालिका, परिवार गुमाएका, विछोडिएका वा आफन्त गुमाएका, साथमा कोही आफन्त नभएका बालबालिका, महिला तथा किशोरी, गर्भवती तथा सुत्केरी महिला, तथा अन्य जोखिममा रहेका समूहका आवश्यकता तथा प्राथमिकतामा विशेष ध्यान दिइएको छ । |
| अध्ययन विधि | बाढीबाट प्रभावित भएका बालबालिकाको अवस्था र आवश्यकता पहिचान गर्नको लागि राष्ट्रिय बाल अधिकार परिषद्को नेतृत्वमा भदौ ११ गते संरक्षण विषयगत समूह अर्न्तगतको बाल संरक्षण कार्य समूहको बैठक बसेको थियो । यसपछि राष्ट्रिय बाल अधिकार परिषद्का अधिकृत रामबहादुर चन्दको नेतृत्वमा ६ सदस्यीय द्रुत लेखाजोखा कार्यदल गठन गरि परिचालन गरिएको थियो । कार्यदलको बैठकले द्रुत लेखाजोखाको तयारी, स्थलगत अध्ययन र प्रतिवेदन लेखन सेभ द चिल्ड्रेन र युनिसेफको सहयोगमा सिविन नेपाल, कर्न्सोटियम नेपाल र युथ एलाइन्स फर इन्भाइरोन्मेन्टले गरेका थिए । |
| सरोकारवाला | स्थानीय तहका जनप्रतिनिधि तथा सम्बन्धित शाखाका प्रतिनिधिहरु, बाल अधिकार समिति, बाल कल्याण अधिकारी, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाका प्रतिनिधिहरू, शिक्षक तथा विद्यालयका प्रतिनिधि, सामाजिक कार्यकर्ता, प्रहरी तथा सुरक्षा निकायका अधिकारीहरू, महिला तथा बाल संरक्षणको क्षेत्रमा कार्यरत संघसंस्था, अपांगता भएका व्यक्तिहरूका संघसंस्थाहरू, गैरसरकारी संस्था तथा नागरिक समाज, प्रभावित बालबालिका, किशोरकिशोरी, अभिभावक तथा समुदायका अगुवाहरु रहेका थिए । |

| | |
|---|---|
| अध्ययन गरिएको स्थान | रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन जिल्लाका बाढीबाट प्रभावित स्थानीय तह, वडा, वस्ती तथा अस्थायी आश्रयस्थल तथा होल्डिङ सेन्टरहरू |
| तथ्यांक संकलन विधि | **क) प्राथमिक तथ्यांक संकलनः** प्रत्यक्ष स्थलगत अवलोकन, प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता, बाढी प्रभावित परिवार तथा समुदायका व्यक्तिसँगको अन्तर्वार्ता, सेवा प्रदायकसँगको छलफल<br>**ख) द्वितीयक तथ्यांक संकलनः** स्थानीय तहका अभिलेख, विपद् तथा राहतसम्बन्धी विवरण, स्वास्थ्य तथा शिक्षासम्बन्धी अभिलेख, पत्रपत्रिका तथा अन्य सञ्चारमाध्यममा प्रकाशित तथा प्रसारित समाचार, नेपाल सरकारको आधिकारिक सूचना, जानकारी र तथ्यांक, तथा अन्य उपलब्ध प्रतिवेदनहरू |
| नमूना | छ वटै जिल्लाका प्रभावित स्थानीय तह तथा वस्तीबाट उपलब्ध समय र पहुँचअनुसार उद्देश्यपूर्ण नमूना (Purposive Sampling) संकलन गरिएको थियो । प्रत्येक जिल्लाका स्थानीय तहमा स्थानीय तथ्यांक संकलकहरूले स्थानीय तहका प्रतिनिधि, स्वास्थ्यकर्मी, सेवा प्रदायक, बाल संरक्षणकम, प्रभावित परिवार तथा बालबालिका, किशोरकिशोरी लगायतका प्रमुख सूचनादातालाई समेटिएको थियो । |
| तथ्यांक संकलन अवधि | वि.सं. २०८३ भदौ १५ देखि भदौ १९ गतेसम्म |
| प्रतिवेदनको अन्तिम रुप दिइएको मिति | वि.सं. २०८३ भदौ २१ गते |
| प्रतिवेदन बुझाएको मिति | वि.सं. २०८३ भदौ २२ गते |

# विषयसूची


कार्यकारी सारांश....................6
पृष्ठभूमि....................10
द्रुत लेखाजोखाका उद्देश्यहरू....................13
अध्ययन विधि....................13
मुख्य प्राप्ति तथा नतिजाहरु....................15
स्थलगत अध्ययनका क्रममा प्राप्त बाल संरक्षण सम्बन्धी प्रमुख जोखिम....................20
१) अभिभावक तथा परिवारबाट अलग भएका र छुट्टिएका, बिछोडिएका तथा अभिभावकीय हेरचाहमा नरहेका बालबालिका....................20
२) होल्डिङ सेन्टर तथा अस्थायी आश्रयस्थलको अवस्था....................21
३) गर्भवती, सुत्केरी तथा नवजात शिशुको अवस्था....................22
४) बालबालिकाको आवागमन तथा व्यवस्थापनमा देखिएको समस्या....................22
५) होल्डिङ सेन्टरमा बालबालिका....................23
६) हिंसा तथा दूर्व्यवहार सम्बन्धी अवस्था....................23
७) यौन हिंसा तथा शोषणको जोखिम....................24
८) बाल विवाह, बाल श्रम तथा बालबालिका बेचबिखन तथा ओसारपसारको जोखिम....................24
९) शिक्षा तथा सिकाइ निरन्तरतामा प्रभाव....................25
१०) स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ तथा स्वच्छतामा देखिएको समस्या....................26
११) मानसिक तथा मनोसामाजिक स्वास्थ्यको अवस्था....................27
१२) अपाङ्गता भएका बालबालिकाले भोग्नु परेको समस्या....................27
१३) बाल संरक्षण सम्बन्धी अभिलेख तथा तथ्यांकको अवस्था....................28
१४) बालबालिकाको पहिचान तथा महत्वपूर्ण कागजातमा भएको क्षतिको विवरण....................28
१५) सूचना तथा सञ्चारमा बालबालिकाको पहुँचको अभाव....................29
सुझाव तथा सिफारिस....................34
तत्कालका लागि प्राथमिक सुझाव तथा सिफारिस....................34
संरक्षणका लागि सुझाब तथा सिफारिस....................39
संघीय सरकारका लागि सुझाव तथा सिफारिस....................39
प्रदेश सरकारका लागि सुझाव तथा सिफारिस....................40
स्थानीय तहका लागि सुझाव तथा सिफारिस....................41

नागरिक समाज तथा नागरिक समाज संस्थाका लागि सुझाव तथा सिफारिस ....................44
विकास साझेदार तथा मानवीय सहायता संस्थाका लागि सुझाव तथा सिफारिस.................44
निजी क्षेत्रका लागि सुझाव तथा सिफारिस..........................................................45
मध्यमकालीन तथा दीर्घकालीन संरक्षण तथा पुनःस्थापना............................................46
समग्र प्राथमिकता निर्धारण ..........................................................................46
निष्कर्ष.........................................................................................49

## कार्यकारी सारांश

वि.सं. २०८३ साल भदौ १० गते नेपाल र चीनको सीमावर्ती रसुवा जिल्लाको भोटेकोशी-त्रिशुली नदीमा आएको तीव्र गतिको आकस्मिक बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ तथा चितवन लगायतका जिल्लामा मानवीय, भौतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ । बाढीका कारण बाबुआमा तथा अभिभावक मृत्यु, घर तथा आवास, विद्यालय, स्वास्थ्य संस्था, सडक तथा पुल, खानेपानी तथा सरसफाइ संरचना, कृषि तथा जीविकोपार्जनका स्रोतमा क्षति पुगेको छ । यससँगै बालबालिकाको जीवन, सुरक्षा, परिवारसँगको सम्बन्ध, हेरचाह, शिक्षा, स्वास्थ्य, पोषण, मानसिक तथा मनोसामाजिक स्वास्थ्य र सुरक्षित वातावरणमा पहुँचमा समेत गम्भीर प्रभाव परेको देखिएको छ । रसुवा, नुवाकोट र धादिंङमा ३० वटा अस्थायी आश्रयस्थलमा ३,९३० जना बसोबास गरिरहेका छन् । बाढीबाट १९ विद्यालय क्षतिग्रस्त भई कम्तीमा पनि ६,९०१ विद्यार्थीको नियमित शिक्षामा अवरोध सृजना भएको पाइएको थियो । यसैगरी चार स्वास्थ्य संस्था पूर्ण रूपमा क्षतिग्रस्त, दुई आंशिक रूपमा क्षतिग्रस्त तथा दुई स्वास्थ्य संस्थामा सेवा पहुँच प्रभावित भएको थियो ।

यस द्रुत लेखाजोखाको मुख्य उद्देश्य बाढी प्रभावित बालबालिका तथा परिवारको तत्कालीन मानवीय, संरक्षण, स्वास्थ्य, पोषण, शिक्षा, मनोसामाजिक तथा सामाजिक अवस्था र आवश्यकताको पहिचान गरी सुरक्षित र अधिकारमा आधारित प्रतिकार्यका लागि प्राथमिकता निर्धारण गर्नु रहेको छ । अध्ययनले विशेषगरी बाबुआमा/अभिभावक गुमाएका बालबालिका, परिवारबाट बिछोडिएका वा छुट्टिएका बालबालिका, अभिभावकीय हेरचाहबाट अलग भएका बालबालिका, अपाङ्गता भएका बालबालिका, साना उमेरका बालबालिका, बालिका तथा किशोरीलगायत विशेष संरक्षणको आवश्यकता भएका समूहमा ध्यान केन्द्रित गरेको छ । अध्ययनका क्रममा स्थलगत अवलोकन, प्रमुख सूचनादातासँगको अन्तर्वार्ता, प्रभावित परिवार तथा समुदायसँग प्रत्यक्ष संवाद, समूह केन्द्रित छलफल, बालबालिका तथा किशोरकिशोरीसँग बालमैत्री परामर्श र उपलब्ध सरकारी, गैरसरकारी तथा सञ्चारमाध्यमका स्रोतको समीक्षा गरिएको छ ।

अध्ययनले भदौ १९ गतेसम्म बाढी प्रभावित जिल्लाको होल्डिङ सेन्टरमा रहेका कुल बालबालिकाको संख्या १,२३३ (बालिका ६३२ र बालकको संख्या ६०१) रहेको पाईएको थियो । यसैगरी बाढीबाट आफ्ना दुवै बाबुआमा गुमाएका बालबालिकाको संख्या १०२ (बालिका ४९ र बालक ५३) जना रहेका छन् । बाबुआमासँग बिछोडिएका वा छुट्टिएर बसोबास गरिरहेका बालबालिकाको संख्या ४३९ (बालिका २२२

र बालक २१७) र बाबुआमा वा अभिभावकसँग बसिरहेका बालबालिकाको संख्या ६९२ (बालिका ३६१ र बालक ३३१) रहेका छन् । यसैगरी अपांगता भएका बालबालिकाको संख्या २१ जना रहेको छ ।

स्थलगत अध्ययनका क्रममा भोटेकोशी बाढीपछि बालबालिकाको अवस्थामा बहुआयामिक असर परेको पाइएको छ । घर तथा सम्पत्ति गुमाउँदा परिवार विस्थापित भएका छन् । विस्थापनसँगै विद्यालय तथा नियमित सामाजिक वातावरणमा अवरोध आएको छ । जीविकोपार्जनमा आएको संकटले खाद्य तथा पोषण सुरक्षालाई प्रभावित गरेको छ । परिवारबाट छुट्टिने तथा उचित हेरचाहको अभावले बाल संरक्षणका अन्य जोखिमलाई बढाएको छ । विशेषगरी बाबुआमा तथा अभिभावक गुमाएका, परिवारबाट छुट्टिएका वा अभिभावकीय हेरचाहबाट अलग भएका बालबालिका, आफन्तको संरक्षणमा रहेका बालबालिका, साना बालबालिका, किशोरी तथा अपाङ्गता भएका बालबालिका तुलनात्मक रूपमा बढी जोखिममा परेका छन् ।

शिक्षा क्षेत्रमा विद्यालय भवन तथा संरचनामा भएको क्षति, सडक तथा पुलको क्षति र विस्थापनका कारण नियमित पठनपाठन प्रभावित भएको छ । बाढीबाट ३२ वटा विद्यालय प्रभावित भएका छन् । यसमध्ये १९ वटा विद्यालय पूर्ण रुपमा क्षतिग्रस्त छन् । पूर्ण क्षतिग्रस्त विद्यालयहरुमा ९,४०० विद्यार्थी भर्ना भएका थिए । जसमा ३,९२८ विद्यार्थी प्रभावित भएका छन् भने ४८८ जना विद्यार्थी अझै हराइरहेका छन् । हालसम्म पाँच जना विद्यार्थीको मृत्यु भएको छ । युनिसेफले अगष्ट ३१ मा प्रकाशित गरेको स्थिति प्रतिवेदन अनुसार बाढीबाट करिब २२,१०० भन्दा बढी बालबालिका प्रभावित भएका छन् । जसमा २,६०० बालबालिका पाँच वर्ष मुनिका रहेका छन् ।

अस्थायी आश्रयस्थलमा रहेका बालबालिका विद्यालय, शिक्षक, साथीभाइ र नियमित सिकाइ वातावरणबाट टाढा रहनुपरेको छ । स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था पनि चुनौतीपूर्ण छ । केही आश्रयस्थलमा सुरक्षित खानेपानी, साबुन, व्यक्तिगत सरसफाइ सामग्री, सेनेटरी प्याड, पर्याप्त शौचालय तथा नुहाउने स्थानको अभाव देखिएको छ । केही बालबालिकाले पर्याप्त विविध तथा पोषणयुक्त खाना प्राप्त गर्न नसकेको अवस्था छ । मनोसामाजिक तथा मानसिक स्वास्थ्यका दृष्टिले पनि अवस्था संवेदनशील छ । घर, विद्यालय तथा सम्पत्ति गुमाउनु, आफन्त वा साथीको मृत्यु हुनु, परिवारका सदस्य सम्पर्कविहीन हुनु, उद्धार तथा पुनःस्थापनाको अनिश्चितता र परिचित वातावरणबाट विस्थापित हुनुले बालबालिकामा डर, तनाव, एक्लोपन, असुरक्षा, टोलाउने तथा झस्किने जस्ता लक्षण तथा व्यवहारगत

परिवर्तन देखिएको छ । तर अधिकांश अस्थायी आश्रयस्थलमा संरचित मनोसामाजिक सहयोग, खेलकुद, मनोरञ्जन वा बालमैत्री संवादका गतिविधि पर्याप्त रूपमा सञ्चालन भएको पाइएको छैन । त्यसैले मनोसामाजिक प्राथमिक सहायता, नियमित बालमैत्री गतिविधि तथा आवश्यकताअनुसार विशेषज्ञ सेवामा रेफरललाई प्रतिकार्यको अभिन्न हिस्सा बनाउनुपर्ने देखिन्छ ।

अपाङ्गता भएका बालबालिकाले थप तथा विशिष्ट कठिनाइ भोगिरहेका छन् । उनीहरूका लागि ह्वीलचेयर तथा अन्य सहायक सामग्रीको अभाव, आश्रयस्थल तथा शौचालयमा पहुँचको समस्या, आवतजावतमा कठिनाइ तथा राहत र सूचनामा समान पहुँचको अभाव देखिएको छ । अध्ययनले हालसम्म अनुगमन गरिएका होल्डिङ सेन्टरमा गम्भीर हिंसा वा दुर्व्यवहारको प्रत्यक्ष घटना फेला परेको छैन । यद्यपी सम्पूर्ण व्यक्तिहरु अस्थायी आश्रयस्थलमा एकै स्थानमा बस्नु परेको, धूमपान तथा मध्यपान गरेका व्यक्तिहरुसँगै बालबालिका बस्नुपरेको, सेन्टरमा दिनको समयमा नबस्ने र रातको समयमा मात्र बस्न आउने व्यक्तिहरुको संख्या उच्च हुने, सेन्टरमा बसोबास गर्ने सम्पूर्ण व्यक्तिको विस्तृत विवरण समेत अभिलेखीकरण नभएको जस्ता कारणले जोखिम उच्च रहेको देखाएको छ ।

स्थलगत अध्ययनको आधारमा प्रतिवेदनले तत्काल निम्न आठ प्रमुख प्राथमिकता कार्यहरु गर्नु आवश्यक देखिएको छ :-

(१) जोखिममा रहेका, अभिभावक गुमाएका वा बाबुआमाबाट छुट्टिएका र अलग भएका बालबालिकाको पहिचान, तथ्याङ्क प्रमाणीकरण, लेखाजोखा तथा घटना व्यवस्थापन, परिवार खोज तथा पुनर्मिलन र सुरक्षित आश्रय;

(२) पोषण तथा स्वास्थ्य सेवा, सुरक्षित खानेपानी, शौचालय, सरसफाइ, फोहोर व्यवस्थापन;

(३) बालमैत्री स्थान, अस्थायी सिकाइ तथा शैक्षिक सामग्री, र सिकाइ निरन्तरता;

(४) मनोसामाजिक प्राथमिक सहायता तथा मानसिक स्वास्थ्य रेफरल;

(५) हिंसा, दुर्व्यवहार, यौन शोषण, बाल विवाह तथा मानव बेचबिखनबाट संरक्षण;

(६) लैङ्गिकता र अपाङ्गता समावेशी राहत तथा सेवा पहुँच;

(७) सामाजिक संरक्षण, नगद सहायता तथा जीविकोपार्जन पुनःस्थापना; र

(८) विद्यालय, स्वास्थ्य संस्था तथा अन्य संरचनाको बालमैत्री तथा विपद् प्रतिरोधी पुनर्निर्माण ।

तत्काल प्रतिकार्यसँगै अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन उपायलाई क्रमबद्ध रूपमा अघि बढाउनुपर्ने देखिएको छ । तत्काल चरणगत रुपमा जीवनरक्षा, जोखिम पहिचान, बालमैत्री स्थान, लेखाजोखा तथा घटना व्यवस्थापन,सुरक्षित आश्रय, दर्ता तथा अभिलेखीकरण, खानेपानी तथा सरसफाइ, खाद्यान्न तथा पोषण, मनोसामाजिक प्राथमिक सहायता र सुरक्षा योजना प्राथमिक हुनुपर्छ ।

मध्यमकालीन चरणमा बाल संरक्षण डेस्क तथा घटना व्यवस्थापन, परिवार खोज तथा पुनर्मिलन, अन्तरिम तथा वैकल्पिक स्याहार, बालमैत्री स्थान, अस्थायी सिकाइ केन्द्र, स्वास्थ्य तथा मनोसामाजिक सेवा तथा रेफरल, लैङ्गिकता तथा अपाङ्गता समावेशी सहायता तथा महिला/किशोरीका लागि सुरक्षित स्थान सुनिश्चित गर्नुपर्छ ।
दीर्घकालीन चरणमा घर, विद्यालय तथा स्वास्थ्य संरचना पुनःस्थापना, परिवारको आयआर्जन तथा जीविकोपार्जन सहयोग, सामाजिक संरक्षण विस्तार र स्थानीय बाल संरक्षण प्रणाली, तथा स्वास्थ्य शिक्षा लगायतका अन्य आधारभुत सेवालाई समेत सुदृढ गर्न आवश्यक छ ।

यसका लागि संघीय, प्रदेश तथा स्थानीय सरकार, सुरक्षा निकाय, बाल अधिकार सम्बन्धी संस्था, नागरिक समाज, मानवीय सहायता संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबीच स्पष्ट भूमिका, जिम्मेवारी र सूचना साझेदारी सहितको समन्वय आवश्यक छ । विशेषगरी तथ्याङ्क प्रमाणीकरण, जोखिममा रहेका बालबालिकाको पहिचान, तत्काल संरक्षण तथा सेवा, परिवार खोज तथा पुनर्मिलन, घटना व्यवस्थापन, शिक्षा तथा मनोसामाजिक पुनःस्थापना र परिवारको सामाजिक-आर्थिक पुनःस्थापनालाई निरन्तर प्रक्रियाका रूपमा अघि बढाउन ुपर्छ ।

अन्त्यमा बाढीपछिको प्रतिकार्यमा बाल अधिकारको दृष्टिकोणले “सबैलाई समान राहत” भन्दा पनि “जोखिम र आवश्यकतामा आधारित लक्षित संरणमा पहिलो प्राथमिकता बाल संरक्षण” को दृष्टिकोण अपनाउनु आवश्यक रहेको छ । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल पहिचान, घटना व्यवस्थापन, परिवार खोज तथा पुनर्मिलन, सुरक्षित अल्पकालीन तथा वैकल्पिक हेरचाह, बालमैत्री आश्रय, शिक्षा तथा स्वास्थ्य सेवाको निरन्तरता, मनोसामाजिक सहयोग, अपाङ्गता समावेशी सेवा, सामाजिक सुरक्षा तथा जीविकोपार्जन पुनःस्थापनालाई एकीकृत रूपमा अघि बढाउन सकेमा मात्र बाढी प्रभावित बालबालिकाको तत्काल सुरक्षा, संरक्षण र दीर्घकालीन रुपमा बालबालिकाको अधिकार सुनिश्चित गर्न सकिने देखिन्छ ।

# पृष्ठभूमि

वि.सं. २०८३ भदौ १० गते नेपाल चीन सीमावर्ती क्षेत्रस्थित रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको जलवायु जन्य बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, तथा चितवन लगायतका जिल्लामा मानवीय, भौतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा ठूलो क्षति पुर्‍याएको छ । प्रारम्भिक विवरण अनुसार चीनको ल्हेन्दे खोलाको माथिल्लो क्षेत्रमा हिम चट्टान खसेर बाढी आएको हुन सक्ने देखिएको छ । यस घटनाको वास्तविक भौगर्भिक कारण, हानी तथा नोक्सानीको पूर्ण विवरण विस्तृत अध्ययनको क्रममा रहेको छ यद्यपी इसिमोडको सन् २०२३ को अध्ययन प्रतिवेदन अनुसार हिन्दुकुश क्षेत्रमा औसत तापक्रम १.५ डिग्री भन्दा बढेको प्रक्षेपण गरिएको थियो । नेपाल सरकारका अनुसार उक्त बाढीको प्रत्यक्ष प्रभाव रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन जिल्ला रहेको र सो जिल्लाका १५ स्थानीय तहलाई तीन महिनासम्म विपद् संकटग्रस्त क्षेत्र समेत घोषणा गरेको छ ।[1]

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार २०८३ भदौ २१ गते विहान ११ बजेसम्म १,३४१ जनाको मृत्यु, ६,०७५ जना घाईते, ४,९९६ जना वेपत्ता रहेका छन् । रसुवा, नुवाकोट, धादिङ र काठमाडौ गरी  ३९ होल्डिङ सेन्टरमा ३,६५२ जना अस्थायी संरक्षण केन्द्रमा आश्रित रहेकाछन् । उद्धार तथा खोजी कार्यमा २१,४६५ भन्दा बढी सुरक्षाकर्मी परिचालित भएका छन् । साथै १३,१०४ जना बाढी प्रभावित व्यक्तिको उद्धार भएकोछ ।

**तालिका नं. १**
**भोटेकोशी बाढी प्रभावित जिल्ला, स्थानीय तह र वडाहरुको विवरण**

| जिल्ला | स्थानीय तह | प्रभावित वडाहरू |
|---|---|---|
| रसुवा | उत्तरगया गाउँपालिका | १,२,३,४, र ५ |
| | गोसाईकुण्ड गाउँपालिका | २, ५, १ र ३ |
| | आमाछोदिङमो गाउँपालिका | १ |
| | कालिका गाउँपालिका | १ |
| नुवाकोट | तारकेश्वर गाउँपालिका | ४ र २ |
| | किस्पाङ गाउँपालिका | ५ |
| | विदुर नगरपालिका | १, ४, ५, ९, र १० |
| | बेलकोटगढी नगरपालिका | ५, ७, र ८ |
| धादिंङ | गल्छी गाउँपालिका | ६, ४, ८, १ र २ |
| | गजुरी गाउँपालिका | १, २, ५, र ६ |

[1] World Health Organization. (2026, August 30). *WHO releases US$150 000 emergency funds to support Nepal’s flood response*. https://www.who.int/nepal/emergencies/2026-rasuwa-flash-floods

| | | |
|---|---|---|
| | बेनिघाट रोराङ गाउँपालिका | ३, ५, ७, ९, र १० |
| | सिद्धलेक गाउँपालिका | ३, ४, ६ र ७ |
| गोरखा | गण्डकी गाउँपालिका | १, २, ६,७ र ८ |
| तनहुँ | देवघाट गाउँपालिका | ४ र ५ |
| | आँबूखैरेनी गाउँपालिका | ४ र ५ |

*स्रोतः राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण*

बाढीले मानवीय क्षतिसँगै घर, विद्यालय, स्वास्थ्य संस्था, सडक, पुल, बजार, खानेपानी प्रणाली, खेतीयोग्य जमिन, सञ्चार संरचना तथा जलविद्युत् लगायतका पूर्वाधारमा व्यापक रुपमा क्षति पुर्‍याएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार रसुवा जिल्लामा मात्र चारवटा स्वास्थ्य संस्था पूर्ण रुपमा क्षतिग्रस्त भएका र धादिङ जिल्लाका दुईवटा स्वास्थ्य संस्थामा आंशिक क्षति पुगेको उल्लेख गरेको छ। यसैगरी सडक पूर्वाधार ध्वस्त हुँदा धादिङ र नुवाकोटका दुई अस्पतालमा आवतजावत प्रभावित भएको छ।[2]

शैक्षिक क्षेत्र अझ प्रभावित छ। शिक्षा विषयगत क्षेत्रको द्रुत लेखाजोखा प्रतिवेदन अनुसार बाढीबाट ३२ वटा विद्यालय प्रभावित भएका छन्। यसमध्ये १९ वटा विद्यालय पूर्ण रुपमा क्षतिग्रस्त भएका छन्। पूर्ण क्षतिग्रस्त विद्यालयहरुमा ९,४०० विद्यार्थी भर्ना भएका थिए। जसमा ३,९२८ विद्यार्थी प्रभावित भएका छन् भने ४८८ जना विद्यार्थी अझै हराइरहेका छन्। हालसम्म पाँच जना विद्यार्थीको मृत्यु भएकोछ।[3] नेपाल संरक्षण विषयगत क्षेत्रको प्रारम्भिक अनुमान अनुसार प्रभावित रसुवा, नुवाकोट र धादिङ जिल्लामा मात्रै कम्तीमा १७,००० बालबालिकालाई संरक्षणको आवश्यकता रहेको जनाएको छ।[4] यसैगरी युनिसेफले अगष्ट ३१ मा प्रकाशित गरेको स्थिति प्रतिवेदनअनुसार बाढीबाट करीब २२,१०० भन्दाबढी बालबालिका प्रभावित भएका छन्। जसमा २,६०० बालबालिका पाँच वर्ष मुनिका रहेको उल्लेखछ।[5]

[2] World Health Organization. (2026, August 30). *WHO releases US$150 000 emergency funds to support Nepal's flood response*. https://www.who.int/nepal/emergencies/2026-rasuwa-flash-floods
[3] Nepal education cluster, updated on 5 September, 2026
[4] United Nations Children's Fund. (2026, August 28). *Flash floods in Nepal leave more than 17,000 children in need of urgent humanitarian assistance*. UNICEF Nepal. https://www.unicef.org/nepal/press-releases/flash-floods-nepal-leave-more-17000-children-need-urgent-humanitarian-assistance
[5] https://www.unicef.org/media/183906/file/Nepal-Humanitarian-Situation-Report-No.1(Rasuwa-Flood),31-August-2026.pdf.pdf

**बाढीबाट अभिभावक गुमाएका बालबालिकाका लागि शैक्षिक संरक्षण**[6]

भोटेकोशी बाढीबाट रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लामा अभिभावक गुमाएक बालबालिकालाई बागमती प्रदेश सरकारले कक्षा १२ सम्म निःशुल्क आवासीय शिक्षा प्रदान गर्ने निर्णय गरेको छ। प्रदेश सरकारले भदौ १८ गते बालबालिकाको आवास, विद्यालय शिक्षा तथा आवश्यक शैक्षिक व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारले लिने निर्णय गरेको हो । प्रदेश सरकारले राहत वितरणलाइ छिटो र प्रभावकारी बनाउन प्रदेश विपद् व्यवस्थापन कोषको कार्यविधि संशोधन गरी राहत रकम जिल्ल तथा स्थानीय तहमा प्रत्यक्ष पठाउन सकिने व्यवस्था समेत गरेको छ ।

**प्रधानाध्यापकको तत्काल निर्णयले जोगिएका ९०० विद्यार्थी**[7]

नुवाकोटको त्रिभुवन त्रिशूली माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र दवाडीले बाढी आउँदैछ भन्ने जानकारी पाएपछि विद्यालयमा रहेका करीब ९०० विद्यार्थीलाई तत्काल सुरक्षित स्थानतर्फ स्थानान्तरण गरेका थिए। विद्यालयमा भर्ना भएका कुल १,६०० विद्यार्थीमध्ये उक्त समयमा विद्यालयमा ९०० विद्यार्थ रहेका थिए। विद्यालयमा बाढी पस्नुभन्दा करीब १० मिनेट अगाडि विद्यालयमा आएका तथा आउँदै गरेक विद्यार्थीलाई उनले सुरक्षित स्थानमा पुर्‍याएका थिए । यसको केही मिनेटमै आएको बाढीले विद्यालय भवन तथा आसपासका संरचनाहरूमा क्षति पुगेको थियो । प्रधानाध्यापक दवाडीको उक्त निर्णयले ठूलो मानवीय क्षति हुनबाट जोगाएको थियो। एक १६ वर्षीया छात्राले आफू र साथीहरूलाई बाढी आउनुभन्द केही सेकेन्डअघि मात्र प्रधानाध्यापकले विद्यालय पछाडिको साँघुरो बाटो हुँदै उकालो लागेर सुरक्षित स्थानमा पुर्‍याएको अनुभव सुनाएकी छन् । यस घटनाले समयमै सूचना, विद्यालयस्तरीय आपत्कालीन निर्णय, सुरक्षित निकास मार्ग र शिक्षकको नेतृत्व बालबालिकाको जीवन सुरक्षाका लागि अत्यन्त महत्वपूर्ण हुने देखाएको छ ।

---

[6] अधिकारी, पोष्टराज। (२०२६, सेप्टेम्बर ३)। *भोटेकोशी बाढीबाट अभिभावक गुमाएका बालबालिकालाई बागमती सरकारले निःशुल्क आवासीय शिक्षा दिने* नयाँ पत्रिका। https://nayapatrikadaily.com/news-details/203872/2026-09-03

[7] Dahal, A., & Pariyar, K. (2026, September 2). *Head teacher evacuated 900 children minutes before Nepal floods hit school*. BBC News. https://www.bbc.com/news/articles/c5ymvdm5520o

## द्रुत लेखाजोखाका उद्देश्यहरू

प्रस्तुत द्रुत लेखाजोखाको मुख्य उद्देश्य भनेको बाढी प्रभावित क्षेत्रका बालबालिका तथा परिवारहरूको तत्काल मानवीय, संरक्षण, स्वास्थ्य, मनोसामाजिक, शैक्षिक तथा सामाजिक आवश्यकताको पहिचान गरी उनीहरूको सुरक्षित तथा अधिकारमा आधारित संरक्षण र सहयोगका लागि प्राथमिकता निर्धारण गर्नु रहेको छ । यसैगरी यस अध्ययनका अन्य विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्:

क) बालबालिकाको वर्तमान अवस्था तथा तत्काल आवश्यकता पहिचान गर्नु ।

ख) परिवारबाट बिछोडिएका तथा साथमा कोही नभएका बालबालिकाको अवस्था पहिचान गर्नु ।

ग) बाल संरक्षण सम्बन्धी प्रमुख जोखिम तथा घटनाहरू पहिचान गर्नु ।

घ) महिला, बालिका, अपाङ्गता भएका बालबालिका तथा अन्य जोखिममा रहेका समूहको विशेष आवश्यकता पहिचान गर्नु ।

ङ) स्वास्थ्य, खानेपानी तथा सरसफाइ, शिक्षा तथा मनोसामाजिक सेवामा पहुँचको अवस्था मूल्याङ्कन गर्नु ।

च) अस्थायी आश्रयस्थल तथा राहत वितरणस्थलको सुरक्षा, पहुँचयोग्यता र बालमैत्री अवस्था मूल्याङ्कन गर्नु ।

छ) लैङ्गिक हिंसा, यौन शोषण तथा दुर्व्यवहारका सम्भावित जोखिम पहिचान गर्नु ।

ज) स्थानीय बाल अधिकार संरक्षण तथा सिफारिस संयन्त्रको कार्यक्षमता मूल्याङ्कन गर्नु ।

झ) तत्काल, अल्पकालीन तथा मध्यकालीन संरक्षण प्राथमिकता निर्धारण गर्नु ।

## अध्ययन विधि

बाढीबाट प्रभावित भएका बालबालिकाको अवस्था र आवश्यकता पहिचान गर्नको लागि राष्ट्रिय बाल अधिकार परिषद्को नेतृत्वमा भदौ ११ गते संरक्षण विषयगत समूह अर्न्तगतको बाल संरक्षण कार्य समूहको बैठक बसेको थियो । यसपछि राष्ट्रिय बाल अधिकार परिषद्का अधिकृत रामबहादुर चन्दको नेतृत्वमा द्रुत लेखाजोखा कार्यदल गठन गरी लेखाजोखा कार्य सञ्चालन गरिएको थियो । यसपछि कार्यदलको बैठक मार्फत द्रुत लेखाजोखाको प्रश्नावली तयार पार्ने तथा स्थलगत अध्ययनको तयारी गरेको थियो । बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ तथा चितवन जिल्लाका उच्च प्रभावित तथा जोखिममा रहेका क्षेत्रहरुमा स्थलगत अध्ययन गरिएको थियो । अध्ययनका लागि प्रभावित वस्ती, वडा, तथा स्थानीय

तहहरूलाई बाढीबाट भएको मानवीय क्षति, बाल संरक्षण, विस्थापन, पूर्वाधार क्षति, सेवा अवरोध तथा सेवा पहुँचको अवस्था सम्बन्धी जोखिमका आधारमा प्राथमिकीकरण गरिएको थियो । अध्ययनको क्रममा प्रभावित बालबालिका तथा परिवारको वास्तविक अवस्था, तत्कालीन आवश्यकता, संरक्षण जोखिम, सेवा पहुँच र विद्यमान कमीहरू पहिचान गर्न गुणात्मक तथा सहभागीमूलक विधि अपनाइएको थियो । अध्ययनको क्रममा प्राथमिक तथ्याङ्क निम्न माध्यमबाट सङ्कलन गरिएको थियो:

**क) मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता:** स्थानीय तह, विपद् व्यवस्थापन, सुरक्षा, स्वास्थ्य, शिक्षा, बाल संरक्षण, राहत तथा उद्धारमा संलग्न सरोकारवाला गरी २७ जनासँग प्रत्यक्ष रुपमा अर्न्तवार्ता गरिएको थियो ।

**ख) समूह केन्द्रित छलफल:** प्रभावित परिवार, अभिभावक, महिला, किशोरी, समुदाय प्रतिनिधि तथा प्रभावित बालबालिकासँग गरी १५ वटा समूह केन्द्रित छलफल गरी अवस्था, आवश्यकता र जोखिमको पहिचान गरिएको थियो ।

ग) **स्थलगत अवलोकन:** बाढी प्रभावित वस्ती, विद्यालय, स्वास्थ्य संस्था, सडक तथा पुल, खानेपानी तथा सरसफाइ संरचना, आश्रयस्थल र राहत वितरण केन्द्रको प्रत्यक्ष अवलोकन गरी भौतिक क्षति, पहुँच, सुरक्षा तथा संरक्षण अवस्थाको मूल्याङ्कन गरिएको थियो । यस क्रममा पाँचवटा जिल्लाका १५ स्थानमा स्थलगत अवलोकन गरिएको थियो ।

प्राथमिक तथ्याङ्कलाई पुष्टि तथा परिपूरक बनाउन दस्तावेज समीक्षामार्फत सरकारी, गैरसरकारी स्रोतहरू तथा विभिन्न सञ्चार माध्यममा प्रकाशित सामाग्रीहरुको समीक्षा गरिएको थियो । यसमा विभिन्न निकायहरुले प्रकाशित गरेका क्षति तथा आवश्यकता लेखाजोखा, उद्धार तथा राहत अभिलेख, शिक्षा तथा स्वास्थ्य सम्बन्धी तथ्याङ्क, बाल संरक्षण सम्बन्धी विवरण समावेश गरिएको थियो । साथै, विश्वसनीय राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यममा प्रकाशित समाचार तथा सार्वजनिक सूचनाहरू मार्फत मृत्यु, बेपत्ता, विस्थापन, सेवा अवरोध तथा बाल संरक्षण सम्बन्धी घटनाहरूको थप जानकारी सङ्कलन तथा प्रमाणीकरण गरिएको थियो ।

## मुख्य प्राप्ति तथा नतिजाहरू

भोटेकोशी बाढीका कारण परिवारको दैनिक जीवनयापन, आयआर्जन, खाद्य तथा पोषण सुरक्षा, सुरक्षित आवास, स्वच्छ खानेपानी तथा सरसफाइमा समेत गम्भीर असर परेको देखिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको भदौ १६ गतेसम्मको क्षतिको विवरणलाई तालिका नं. ३ मा देखाइएको छ ।

**तालिका नं.२**

**बाढीको कारण भएको क्षेत्रगत प्रभाव तथा क्षतिको विवरण**

| क्र.सं | क्षेत्र | प्रमुख क्षति तथा प्रभावित परिमाण | अवस्था |
|---|---|---|---|
| १ | आवास तथा आश्रय | १,२६७ घर पूर्ण रुपमा क्षतिग्रस्त, १,२५३ घर आंशिक क्षतिग्रस्त स्याटेलाइट म्यापिङबाट ४,६८९ भवन प्रभावित क्षेत्रमा पहिचान | क्षतिको विस्तृत प्रमाणीकरण जारी |
| | | ३० अस्थायी आश्रयस्थलमा ३,९३० व्यक्ति (नुवाकोटका १९ केन्द्रमा २,६५३ र रसुवाका ११ केन्द्रमा १,२७७ जना) | अस्थायी आश्रयस्थल तथा राहत केन्द्र सञ्चालनमा |
| | | मानवीय राहत सामग्री व्यवस्थापनका लागि काठमाडौमा १, नुवाकोट र रसुवामा ५ केन्द्र | |
| २ | पुल तथा यातायात | ४१ पुल बगेका, ४ पुल क्षतिग्रस्त | गम्भीर असर |
| ३ | शिक्षा | १९ विद्यालय क्षतिग्रस्त<br>६,९०१ विद्यार्थी प्रभावित | विस्तृत प्रमाणीकरण जारी |
| ४ | उर्जा तथा विद्युत | १३ वटा जलविद्युत आयोजनामा प्रत्यक्ष रुपमा असर पुगेको ७८३.३८५ मेघावाट संयुक्त जडित क्षमता प्रभावित | विस्तृत प्राविधिक मूल्यांकन जारी |
| ५ | स्वास्थ्य | ४ वटा स्वास्थ्य संस्था पूर्ण रुपमा क्षतिग्रस्त (स्याफ्रुबेसी स्वास्थ्य चौकी, टिमुरे स्वास्थ्य चौकी, टिमुरे हेल्थडेस्क, मेलुंग सामुदायिक स्वास्थ्य इकाइ) | स्वास्थ्य सेवा प्रभावित |
| | | २ वटा स्वास्थ्य संस्था आंशिक क्षतिग्रस्त (बैरेनी अस्पताल गल्छी, चारधुली आधारभूत स्वास्थ्य केन्द्र | |
| | | २ वटामा सेवा पहुँच अवरुद्ध (धादिङ अस्पताल र त्रिशुली अस्पताल) | |
| ६ | कृषि, पशुपन्छी तथा खाद्य सुरक्षा | ४,४४० रोपनी बाली प्रभावित<br>२,०३५ पशुको मृत्यु<br>१६५०० पन्छी नष्ट | विस्तृत मूल्यांकन जारी |

| | | | |
|---|---|---|---|
| ७ | खानेपानी तथा सरसफाइ | २ वटा फोहोर पानी प्रशोधन केन्द्र पूर्ण रुपमा क्षति (ढुंगे र विदुर)<br>२ खानेपानी प्रभावित, ४.५ किलोमिटर पाइपलाइन बगेको विदुर खानेपानी आयोजनाबाट ४,००० घरधुरी र त्रिशुली कोलोनी, देवीघाटका आयोजनाबाट ४६५ घरधुरी प्रभावित | सेवा पूर्ण रुपमा प्रभावित प्राविधिक तथा वित्तीय प्रमाणिकरण बाँकी |

*स्रोत: गृह मन्त्रालय, राष्टिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण*

बाढीबाट प्रभावित बालबालिकाको अवस्थाबारे संकलित विवरणमा शिविरमा रहेका कुल व्यक्ति तथा बालबालिकाको संख्या, अपाङ्गता भएका बालबालिका, अभिभावक सहित तथा अभिभावकविहीन बालबालिका, स्थानीय तहबाट अन्यत्र स्थानान्तरण भएका बालबालिका तथा महिला पुरुषको अवस्थालाई देखाएको छ । यसले बाढीका कारण बालबालिकाको आवासीय अवस्था, पारिवारिक संरक्षण तथा अभिभावक गुमाएका वा छुट्टिएका बालबालिकाको जोखिमको अवस्थालाई देखाएको छ । विशेषगरी आमा, बुबा वा दुवै अभिभावक गुमाएका बालबालिकाको विवरण देखाएको छ। साथै बाल संरक्षण, सुरक्षित आवास, मनोसामाजिक सहयोग तथा शिक्षा र अन्य आधारभूत सेवाको तत्काल आवश्यकता समेत देखाएको छ ।

तालिका नं. ३

भोटेकोशी बाढी प्रभावित बालबालिकाको अवस्था (२०८३ भदौ १९ सम्म)

| बालबालिकाको विवरण | होल्डिङ सेन्टरमा आश्रित बालबालिका | | अपाङ्गता भएका बालबालिका | बाबुआमा सहित बसोबास गरिरहेका बालबालिका | | बाबुआमा गुमाएका बालबालिका | | बाबुआमा बाट विछोडिएर वा छुट्टिएर बसोबास गरिरहेका बालबालिका | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | |
| नुवाकोट, रसुवा, र धादिङ जिल्लाका ३० वटा होल्डिङ सेन्टरमा रहेका बालबालिका | ६३२ | ६०१ | २१ | ३६१ | ३३१ | ४९ | ५३ | २२२ | २१७ | २०८३ भाद्र १९ गतेसम्म ३ जिल्लाका ३० होल्डिङ सेन्टरमा अस्थायी बसोबास गरिरहेका बालबालिका । स्थानीय पहल, पारिवारिक पुन:र्मिलन, स्थानान्तरण |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | लगायत विभिन्न कारणले गर्दा यो संख्या परिवर्तन हुनसक्छ । |

| गाउँपालिका/ वा नगरपालिकाको नाम र ठेगाना | होल्डिङ सेन्टरमा आश्रित बालबालिका | | अपाङ्गता भएका बालबालिका | बाबुआमा सहित बसोबास गरिरहेका बालबालिका | | बाबुआमा गुमाएका बालबालिका | | बाबुआमा बाट विछोडिएर वा छुट्टिएर बसोबास गरिरहेका बालबालिका | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | |
| नुवाकोट | | | | | | | | | | |
| विदुर नगरपालिका | ३२१ | २९३ | ५ | २०० | १८१ | ११ | १६ | ११० | ९६ | |
| नुवाकोट | | | | | | | | | | |
| बेलकोटगढी नगरपालिका | ७४ | ७८ | ० | ४७ | ५३ | ० | ० | २७ | २५ | |
| नुवाकोट, किस्पाङ *(नोट : १८ जना अभिभावक गुमाएकाहरु शिविरमा छैनन् । उनीहरुलाई आफन्तकहाँ पठाइएको जानकारी महिला विकास शाखाको मोतीमाया मोक्तानसँग कुराकानी गरिएको हो । बेपत्ता बालबालिका २४ मा १५ बालिका र ९ जना बालक)* | | | | | | | | | | |
| किस्पाङ गाउँपालिका | १५ | १२ | १ | ० | ० | १० | ८ | ५ | ४ | |
| नुवाकोट, ताकेश्वर गाउँपालिका *-यस गाउँपालिकामा ६ वटा घर डुवानमा परेका छन् । डुवानमा परेका घरका सबै आफन्तको गएर बसेका छन् । त्यसैले उक्त पालिकामा कुनै पनि शिविर स्थापना गरिएको छैन । यद्यपि पुल बगाएको कारण ८० जना बालबालिका विद्यालय जानसक्ने अवस्था छैन ।)* | | | | | | | | | | |
| उत्तरगया गाउँपालिका, रसुवा *(यस गाउँपालिकाका ५७ जना बालबालिकाले अभिभावक गुमाएको स्थानीयले जानकारी दिएका छन् । यद्यपी यसरी अभिभावक गुमाएका बालबालिका सबै शिविरमा छैनन् । गाउँबाट करिब २०० जना बालबालिका हराएका जानकारी प्राप्त भएको छ ।)* | | | | | | | | | | |
| उत्तरगया गाउँपालिका | १४० | १२६ | ३ | ११२ | ९७ | २८ | २९ | ० | ० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **आमाछोदिङमो गाँउपालिका, रसुवा** (यस गाउँपालिकामा एउटा पनि अस्थायी आश्रयस्थल राखिएको छैन । यस गाउँपालिकाका बाढी प्रभावित सम्पूर्ण व्यक्तिलाई काठमाण्डौंको गुम्बाहरुमा राखिएको स्थानीयले जानकारी दिएका छन् । | | | | | | | | | | | |
| **कालिका गाउँपालिका, रसुवा** *-यस गाउँपालिकामा हाल १ वटा होल्डिंग सेल्टर सञ्चालनमा रहेको जानकारी प्राप्त भएको छ । उक्त होल्डिंग सेल्टरमा १ जना बालक हराएको र १ जना अभिभावकविहिन बालक रहेको जानकारी प्राप्त भएको छ । )* | | | | | | | | | | | |
| **गोसाइकुण्ड** गाउँपालिका, **रसुवा** *(यस गाउँपलिकामा एउटा शिविर रहेको छ । गाउँका बाढी प्रभावित सबैलाई काठमाण्डौंको गुम्बाहरुमा सारिएको जानकारी स्थानीयले दिएका छन्)* | | | | | | | | | | | |
| गोसाइकुण्ड गाँउपालिका | ५० | ६२ | १२ | २ | ० | ० | ० | ० | ० | ० | |
| **धाडिङ्ग** | | | | | | | | | | | |
| गल्छी गाँउपालिका | १९ | १७ | ० | ० | ० | ० | ० | ० | ८ | ० | |
| **धाडिङ्ग** | | | | | | | | | | | |
| गजुरी गाँउपालिका | १३ | १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| आबुखैरेनी गाउँपालिका, तनहुँ | महिला तथा बालबालिका शाखाकी सुष्मा बेलबासेका अनुसार बाढीले गाउँपालिकाको वडा नं. ४ र ५ लाई छोएको छ । यद्यपि कुनै मानवीय तथा भौतिक क्षति भएको छैन । स्थानीय बालबालिका तथा महिला मानसिक रुपमा मात्र विक्षिप्त छन् । | | | | | | | | | | |
| देवघाट गाउँपालिका, तनहुँ | पालिकामा बाढी पसेको छैन । यद्यपि त्रिशुली नदीले छोएको कारण स्थानीयमा त्रास फैलिएको छ । | | | | | | | | | | |
| गण्डकी गाउँपालिका, गोरखा | वडाका ३ जना रसुवामा गएको समयमा बेपत्ता छन् । पालिकाको वडा नं. ७ र ८ प्रभावित भएको छ । यद्यपि बालबालिका तथा अन्य मानवीय क्षति भएको छैन । | | | | | | | | | | |
| सिद्धलेक गाउँपालिका, धादिङ | पालिकाबाट गोसाईकुण्ड गएका ५ जना हराइरहेका छन् । पालिकामा खासै क्षति भएको छैन । | | | | | | | | | | |
| बेनीघाट रोराङ, गाउँपालिका, धाडिङ्ग | भौतिक संरचनामा क्षति पुगेको छ । तर स्थानीयतहमै मानवीय क्षति भएन । कुनै अस्थायी आश्रयस्थल छैनन् । | | | | | | | | | | |
| | | | | | | | | | | | |

*स्रोत: द्रुत लेखाजोखा समूहले गरेको स्थलगत अध्ययन, २०८३*

अध्ययनले भदौ १९ गतेसम्म बाढी प्रभावित जिल्लाको होल्डिङ सेन्टरमा रहेका कुल बालबालिकाको संख्या १,२३३ (बालिका ६३२ र बालकको संख्या ६०१) रहेको पाइएको थियो । यसैगरी बाढीबाट आफ्ना दुवै बाबुआमा गुमाएका बालबालिकाको संख्या १०२ (बालिका ४९ र बालक ५३) जना रहेका छन् । बाबुआमा बाट बिछोडिएका वा छुट्टिएका बालबालिकाको संख्या ४३९ (वालिका २२२ र बालक २१७) र दुवै बाबुआमा वा बाबुआमामध्ये कुनै एक अभिभावकसहित बसोबास गरिरहेका बालबालिकाको संख्या ६९२ (बालिका ३६१ र बालक ३३१) रहेका छन् । यसैगरी अपांगता भएका बालबालिकाको संख्या २१ जना रहेको छ ।

**चितवन, तनहुँ र गोरखा जिल्लाका प्रभावित क्षेत्रको अवस्था**

बाढीले बगाएर ल्याएका मृतकहरूको व्यवस्थापन तथा पहिचानका क्रममा चितवन जिल्ला प्रभावित परिवारका लागि महत्वपूर्ण सम्पर्क तथा व्यवस्थापन केन्द्रका रूपमा देखिएको छ । भदौ १५ गते गरिएको अनुगमनका क्रममा चितवन उद्योग वाणिज्य संघको भवनमा राखिएका शवहरू सामान्य चिसो स्थानमा व्यवस्थापन गरिएको र डिजिटल स्क्रिन मार्फत मृतकको विवरण तथा तस्वीर प्रदर्शन गरी आफन्तबाट पहिचान गर्ने व्यवस्था गरिएको पाइएको थियो । डिजिटल विवरणमा बालबालिकाका शवहरू समेत देखिएकोले उक्त विपद्मा बालबालिकाको मृत्यु तथा बेपत्ताको अवस्था गम्भीर रहेको पाइएको थियो । शव व्यवस्थापन स्थलमा निःशुल्क जाहेरी लेखन, परामर्श तथा बाल हेल्पलाइन सम्बन्धी जानकारी उपलब्ध गराउने व्यवस्था गरिएको पाइएको थियो । विपद्का समयमा बालबालिकाका लागि आपत्कालीन उद्धार, परिवारसँग पुनर्मिलन, मनोसामाजिक परामर्श, संरक्षण तथा सिफारिस सेवाको पूर्वतयारी र निरन्तरता सुदृढ गर्नुपर्ने आवश्यकता देखिएको छ ।

यसैगरी भदौ १६ गते स्थलगत अध्ययन टोली तनहुँको देवघाट र आँबूखैरेनी गाउँपालिका र गोरखाको गण्डकी गाउँपालिकामा पुगेको थियो । अनुगमनका क्रममा तनहुँको दुवै स्थानीय तहमा ठूलो भौतिक क्षति नभए तापनि नदी कटान भएको र स्थानीय नागरिकमा मनोसामाजिक असर परेको पाइएको थियो । गोरखाको गण्डकी गाउँपालिकामा भने झोलुङ्गे पुल, खानेपानी, सिँचाइ, निजी घर, कृषि तथा अन्य स्थानीय पूर्वाधारमा क्षति पुगेको पाइएको थियो । आँबूखैरेनी गाउँपालिकाका २५ देखि ५१ वर्ष उमेर समूहका ४ जना व्यक्ति रसुवाबाट बेपत्ता भएको जानकारी प्राप्त भएको थियो । साथै बालबालिकामा मनोसामाजिक तनाव सिर्जना गरेको पाइएको थियो ।

गोरखा जिल्लाको गण्डकी गाउँपालिकाको सातवटा झोलुंगे पुल पूर्ण क्षति भएको र ४ वटामा आंशिक क्षति भएको, ८ वटा खानेपानी आयोजना पूर्ण क्षति, ५ वटा सिंचाई आयोजना पूर्ण क्षति, ६ वटा होटल तथा रिसोर्टमा आंशिक क्षति, ६ वटा मरणघाट, ५ वटा मन्दिरमा क्षति पुगेको पाइएको छ। यसैगरी ६० वटा नीजि घर र २० वटा गोठमा क्षति पुगेको पाइएको थियो। यसैगरी २५० रोपनीभन्दा बढी कृषियोग्य जमिनमा क्षति पुगेको पाइएको थियो।

## स्थलगत अध्ययनका क्रममा प्राप्त बाल संरक्षण सम्बन्धी प्रमुख समस्या तथा जोखिम

### १) अभिभावक तथा परिवारबाट अलग भएका र छुट्टिएका, बिछोडिएका तथा अभिभावकीय हेरचाहमा नरहेका बालबालिका

बाढीको समयमा भएको आकस्मिक उद्धार, परिवारको विस्थापन, सञ्चार सम्पर्कमा आएको अवरोध तथा सुरक्षित स्थानमा स्थानान्तरणका कारण केही बालबालिका अभिभावक वा नियमित हेरचाहकर्ताबाट छुट्टिएको अवस्था देखिएको थियो। विशेषगरी होल्डिङ सेल्टरमा रहेका बालबालिकाको पारिवारिक अवस्थाबारे सबै विवरण एउटै स्तर तथा ढाँचामा अभिलेख राखेको पाइएन। अध्ययनका क्रममा बालबालिका कोसँग छन्, उनीहरूको अभिभावक कहाँ छन्, उनीहरू कुन स्थानबाट आएका हुन् र परिवारसँग सम्पर्क कायम छ वा छैन भन्ने विवरण केही अवस्थामा स्पष्ट रूपमा उपलब्ध नभएको पाइएको थियो। यसले बाढीपछिको अवस्थामा बालबालिकाको पारिवारिक सम्बन्ध र हालको हेरचाह अवस्थाबारे जानकारी असमान रहेको देखाएको थियो।

रसुवाको गोसाईकुण्ड गाउँपालिकामा दुईवटा होल्डिङ सेन्टर रहेकोमा एउटा सेन्टरसँग गाउँपालिकाको पनि सम्पर्क स्थापित हुन नसकेको जानकारी प्राप्त भएको छ। यसैगरी अर्को एक सेन्टरमा जम्मा १२ जना बालिका र २ जना बालक गरी १४ जना मात्र रहेका छन्। त्यहाँका सबैजनालाई उद्धार गरि काठमाडौंको गुम्बाहरुमा लगिएको स्थानीयको भनाइ रहेको छ। तर कति बालबालिका यसरी गुम्बामा पुर्याई राखिएको छ भन्ने विवरण उपलब्ध छैन। यसैगरी, रसुवाको आमाछोदिङमो गाउँपालिकामा एउटा पनि अस्थायी आश्रयस्थल समेत रहेको पाइएन। उक्त गाउँपालिकाका बाढी प्रभावित सम्पूर्ण व्यक्तिलाई काठमाडौंको गुम्बाहरुमा लगिएको जानकारी प्राप्त भएको छ। गाउँपालिकाले उपलब्ध गराएको एक तथ्यांक अनुसार उक्त गाउँपालिकामा बाढीबाट प्रभावित भएका ६७ जना बालबालिकालाई काठमाडौंका विभिन्न गुम्बामा पठाइएको भन्ने जानकारी प्राप्त भएको छ। यद्यपि उक्त गाउँमा कति बालबालिका बाढीमा हराए, कति

भेटिए, कतिले अभिभावक गुमाए भन्ने विवरण समेत प्राप्त गर्न सकिएन । स्थलगत अध्ययनको क्रममा रसुवा जिल्लाको उत्तरगया गाउँपालिकाबाट मात्रै कम्तीमा २०० बालबालिका हराइ रहेको भन्ने जानकारीपाइएको छ ो। यस्ता बालबालिकाको बारेमा यथार्थ के हो ? कति बालबालिका हराए, परिवारसँग विछोडिए र अभिभावकीय हेरचाहको अभावमा छन् साथै कतिले गाउँ छाडेर कहाँ पुगेका छन् भन्ने बारेमा यथार्थ अध्ययन तत्काल गरिनुपर्ने आवश्यकता देखिएको छ ।

## २) होल्डिङ सेन्टर तथा अस्थायी आश्रयस्थलको अवस्था

स्थलगत अवलोकनमा अस्थायी आश्रयस्थल तथा होल्डिङ सेन्टरमा उपलब्ध सेवा, सुविधा तथा सुरक्षाको अवस्था भिन्न भिन्न रहेको पाइएको थियो । कतिपय सेन्टरमा खाना तथा आवासको आधारभूत व्यवस्था राम्रो रहेको पाइएको थियो । यद्यपि कतिपय सेन्टरमा आधारभूत सामाग्रीको पनि अभाव रहेको पाइएको थियो । धादिङको बागेश्वरी क्याम्पसस्थित अस्थायी आवास केन्द्रमा नियमित रूपमा करिब २० जना वयस्क तथा ७ जना बालबालिका बसोबास गरिरहेको पाइएको थियो । उक्त केन्द्रमा गाउँपालिकाले खाना तथा आवासको राम्रो व्यवस्था गरेको भए तापनि व्यक्तिगत सरसफाइ सामग्री, विशेष गरी साबुन तथा महिला र किशोरीका लागि सेनेटरी प्याडको व्यवस्था भने रहेको पाइएन । जसले गर्दा किशोरी र महिला थप जोखिममा रहेका पाइएको थियो । कतिपय सेल्टरमा बसोबास गर्ने व्यक्तिको विवरण समेत व्यवस्थित रुपमा राखिएको पाइएन । वागेश्वरी सेल्टरमा रातिको समयमा यात्राका क्रममा अलपत्र परेका तथा प्रभावित व्यक्तिहरू समेत गरी १२० जना भन्दा बढी व्यक्तिहरू अस्थायी रूपमा बसोबास गर्ने गरेको जानकारी प्राप्त भए पनि व्यवस्थित अभिलेख प्रणालीको अभाव रहेको पाइयो । यसरी सेन्टरमा आउने-जाने व्यक्तिको विवरण दर्ता तथा अभिलेखीकरणको अभ्यास सबै स्थानमा व्यवस्थित रहेको पाइएन । विशेषगरी रातिको समयमा आउने व्यक्तिको संख्या, उनीहरूको पारिवारिक अवस्था र बालबालिकाको उपस्थिति सम्बन्धी विवरण निरन्तर रूपमा अद्यावधिक भएको पाइएन । यसले केन्द्रमा रहेका बालबालिकाको वास्तविक संख्या र उनीहरूको अवस्थाबारे स्थलगत रूपमा तत्कालै स्पष्ट विवरण प्राप्त गर्न कठिनाइ रहेको देखिएको थियो । यसैगरी धादिङकै गजुरी ५ स्थित कबुलियती वन कार्यालयमा करिब १३१ जना बसोबास गरिरहेको केन्द्रमा आधारभूत सेवा पर्याप्त नभएको पाइएको थियो । छुट्टाछुट्टै शौचालय, नुहाउने तथा कपडा धुने स्थानको अभाव देखिएको थियो । व्यक्तिगत सरसफाइ तथा महिनावारी स्वच्छता व्यवस्थापनका सामग्रीको अभाव रहेको पाइएको थियो । उक्त अस्थायी आश्रयस्थलको भौतिक अवस्था, भीडभाड, व्यक्तिगत गोपनीयताको

सीमितता तथा साझा सुविधा प्रयोग गर्नुपर्ने अवस्थाले बालबालिका, महिला, किशोरी तथा अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनमा थप कठिनाइ सिर्जना गरेको देखिएको थियो । रसुवा तथा नुवाकोटका कतिपय सेन्टरमा यस्ता सामाग्रीको उपलब्धता राम्रो भए तापनि केहीमा समस्या रहेको पाइएको थियो ।

## ३) गर्भवती, सुत्केरी तथा नवजात शिशुको अवस्था

भोटेकोशीमा बाढीपछि विस्थापित गर्भवती, सुत्केरी महिला तथा नवजात शिशुहरूको अवस्था विशेष जोखिमपूर्ण देखिएको छ । विदुर नगरपालिकाको विवरण अनुसार भदौ १९ गतेसम्म जम्मा २,०८१ जना होल्डिङ सेन्टरमा बसोबास गरिरहेका छन् । जसमध्ये गर्भवती १४, स्तनपान गराइरहेका ५३, २ वर्ष मुनिका बालबालिका ४६ र ३ देखि ५ वर्षका १०३ जना बालबालिका रहेका छन् । यसैगरी, संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपीए)ले रसुवा, नुवाकोट, र धादिङका बाढी प्रभावित १५ स्थानीय तहमा करीब ४ हजार ४ सय ३० गर्भवती महिला रहेको अनुमान गरेको छ । आगामी एक महिनामा करीब ४९२ प्रसूति हुने र ७४ महिलालाई आकस्मिक प्रसूति सेवा आवश्यक पर्न सक्ने अनुमान गरेको छ । त्रिशूली अस्पतालको प्रसूति विभागमा बाढीपछि ९ जना महिलाको प्रसूति भएको र थप ४ जना प्रसूति बिरामीलाई उपचारका लागि अन्यत्र रेफर गरिएको थियो । तीमध्ये दुई जनालाई नेपाली सेनाको हेलिकोप्टर र दुई जनालाई एम्बुलेन्समार्फत पठाइएको थियो । यस घटनाले विपद्को समयमा गर्भवती, सुत्केरी महिला र नवजात शिशुलाई सामान्य राहत वितरणको एउटै समूहमा राख्नु पर्याप्त नहुने देखाउँछ । सुरक्षित तथा गोप्य स्थान, पर्याप्त पोषण, मातृ तथा नवजात स्वास्थ्य सेवा, आवश्यक औषधि, प्रसूति सेवामा शीघ्र पहुँच र मनोसामाजिक सहयोगलाई लक्षित रूपमा सुनिश्चित गर्न आवश्यक छ ।

## ४) बालबालिकाको आवागमन तथा व्यवस्थापनमा देखिएको समस्या

विदुर नगरपालिकाले हाल प्रभावित बालबालिकालाई नगरपालिका क्षेत्रबाहिर पठाउन प्रतिबन्ध लगाएको नगरपालिकाका अधिकारीले अन्तर्वार्ताको क्रममा बताएका थिए । त्यसअनुसार प्रभावित बालबालिकालाई नगरपालिकाभित्र रहेका होल्डिङ सेन्टरमा राखिएको पाइएको थियो । यद्यपी अध्ययनका क्रममा होल्डिङ सेन्टरमा बालबालिकाको आगमन तथा प्रस्थान सम्बन्धी अभिलेखमा उमेर, लिङ्ग, अपाङ्गता, पारिवारिक अवस्था तथा विशेष संरक्षण आवश्यकता अनुसार विवरण छुट्याई राख्ने अभ्यास रहेको पाइएन । बालबालिका कहाँबाट आएका हुन्, कसको साथमा आएका हुन्, हाल कसको जिम्मामा छन् र कहाँ जाने अवस्था छ भन्ने विवरण व्यस्थित ढंगबाट नराखिदा समस्या उत्पन्न भएको पाइएको थियो । तर रसुवा जिल्लाको हकमा

बाढीबाट प्रभावित बालबालिकाको विवरण समेत छैन । कतिपय बाढी प्रभावित क्षेत्रका गाउँकै सबै व्यक्तिलाई काठमाडौस्थित विभिन्न गुम्बामा लगिएको भनिएको छ । तर त्यसको विस्तृत विवरण उपलब्ध हुन सकेन । कतिपय होल्डिङ सेन्टरमा कति बालबालिका आए? कतिले कसको साथमा लागेर त्यहाँबाट बाहिर गए? भन्ने आधारभूत जानकारी समेत रहेको पाइएन ।

## ५) होल्डिङ सेन्टरमा बालबालिका

विपद्का कारण कतिपय अस्थायी आश्रयस्थलमा बसोबास गर्ने सम्पूर्ण व्यक्तिहरु एउटै हलमा बसिरहेका पाइएको छ । जसमा आमाबाबु नभएका तथा कम उमेरका बालबालिका तथा किशोरकिशोरीहरुको विशेष आवश्यकताको सम्बोधन हुन सकेको पाइएन । यस्तो अवस्थामा बालबालिकालाई नियमित रूपमा खाना, सरसफाइ, भावनात्मक साथ तथा दैनिक हेरचाह उपलब्ध गराउन कठिनाइ रहेको अध्ययनको क्रममा पाइएको थियो । विशेषगरी साना बालबालिका, अपाङ्गता भएका बालबालिका तथा निरन्तर हेरचाह आवश्यक पर्ने बालबालिकाको दैनिक आवश्यकता अन्य बालबालिकाभन्दा भिन्न रहन्छ । तर अस्थायी आश्रयस्थलको वातावरणमा त्यस्ता आवश्यकताहरू नियमित रूपमा पूरा गर्न कठिनाइ भएको पाइएको थियो ।

भीडभाडयुक्त आवास, सीमित व्यक्तिगत स्थान, अभिभावकको मानसिक तनाव तथा विपद्का कारण उत्पन्न पारिवारिक दबाबका कारण बालबालिकाको निगरानी र हेरचाह प्रभावित भइरहेको पाइएको थियो । खासगरी रसुवा र नुवाकोटमा रहेका अस्थायी आश्रयस्थलमा रहेका बालबालिकाहरु वेवास्ता तथा अपर्याप्त हेरचाहको जोखिममा रहेका पाइएको थियो । अभिभावक गुमाएका, अभिभावकसँग अलग्गिएका वा विछोडिएका बालबालिकाहरु रुने, चिच्याउने गरिरहँदा पनि सम्झाउने, बुझाउने, फुल्याउने व्यक्तिको अभाव रहेको पाइएको थियो । अध्ययनको क्रममा छलफल गरिएका सूचनादाताले अपर्याप्त हेरचाह, पारिवारिक तनाव र कमजोर निगरानीका कारण बालबालिका हिंसा तथा दुर्व्यवहारमा पर्न सक्ने जोखिम रहेको बताएका थिए ।

## ६) हिंसा तथा दुर्व्यवहार सम्बन्धी अवस्था

स्थलगत अवलोकनका क्रममा हालसम्म होल्डिङ सेन्टरहरूमा हिंसा, दुर्व्यवहार वा अन्य गम्भीर नकारात्मक घटना भएको प्रत्यक्ष जानकारी प्राप्त भएन । अधिकांश केन्द्रमा प्रहरी, नगरपालिका प्रतिनिधि तथा विभिन्न संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । तर आश्रयस्थलमा ठूलो संख्यामा मानिसहरूको आवागमन हुने, परिवारका सदस्यहरू छुट्टाछुट्टै स्थानमा रहने तथा व्यक्तिगत गोपनीयता सीमित हुने अवस्थाले बालबालिकाको संरक्षण वातावरण जटिल रहेको पाइएको थियो । विशेषगरी दिउँसो कामको लागि बाहिर

निस्किने र रातिको समयमा बास बस्नको लागि आश्रयस्थलमा ठूलो संख्यामा मानिसहरू आउने, त्यस्ता व्यक्तिहरुको व्यवस्थित विवरण नराख्ने कारणले बालबालिकाको नियमित निगरानीमा चुनौती रहेको पाइएको थियो । अध्ययनमा प्राप्त सूचनाअनुसार हिंसा वा दुर्व्यवहारको घटना नभेटिएको भए पनि बालबालिकामाथि हिंसा तथा दुर्व्यवहारको जोखिम भने रहेको जानकार व्यक्तिहरुले बताएका थिए । यसैगरी सम्भावित हिंसा र दुर्व्यवहारका घटनाहरुको अभिलेखीकरण तथा गुनासो/रिपोर्टिङ गर्ने प्रणाली व्यवस्थित हुन नसकेको पाइएको थियो । स्थलगत अध्ययनको क्रममा कुराकानी गरिएका बालबालिकाले हिंसा भएमा वा दुर्व्यवहार भएमा कसरी र कहाँ गुनासो गर्ने भन्ने बारेमा आफूलाई जानकारी नभएको बताएका थिए ।

### ७) यौन हिंसा तथा शोषणको जोखिम

स्थलगत अवलोकनका क्रममा अधिकांश अस्थायी आश्रयस्थलमा पर्याप्त प्रकाश, सुरक्षित शौचालय, स्नानस्थल, स्तनपान कक्ष, व्यक्तिगत गोपनीयता तथा छुट्टै सुरक्षित स्थानको व्यवस्था नरहेको पाइएको थियो । महिला तथा किशोरीले पुरुषसँगै साझा सुविधा प्रयोग गर्नुपर्ने र पर्याप्त निजी स्थान उपलब्ध नभएको अवस्था पाइएको थियो । परिवारबाट छुट्टिएका बालबालिका तथा किशोरीहरू अस्थायी आश्रयस्थलमा अन्य प्रभावित व्यक्तिसँगै बसिरहेको पाइएको थियो । उनीहरूको पारिवारिक तथा हेरचाह सम्बन्धी अवस्था फरक रहेको भए तापनि त्यस्तो अवस्था रहेको पाइएन । यसैगरी कतिपय बालबालिका तथा किशोरीहरु अभिभावकविहीन रहेकोले सामान्य हेरचाहको पनि अभाव रहेको पाइएको थियो । राहत तथा अन्य सेवा प्राप्त गर्ने प्रक्रियामा सेवा प्रदायक र प्रभावित व्यक्तिबीच शक्ति तथा निर्भरताको सम्बन्ध रहने भएकाले शोषणको जोखिम रहेको प्रमुख सूचनादाताहरूले बताएका थिए । अस्थायी आश्रयस्थलमा सुरक्षित तथा गोप्य रूपमा उजूरी वा गुनासो राख्ने व्यवस्था स्पष्ट रूपमा स्थापित भएको अवस्था सबै स्थानमा पाइएन ।

### ८) बाल विवाह, बाल श्रम तथा बालबालिका बेचबिखन तथा ओसारपसारको जोखिम

घरबारविहीनता, परिवारको आर्थिक संकट, अभिभावकको मृत्यु वा छुट्टिनु तथा विद्यालय सञ्चालनमा आएको अवरोध जस्ता कारणले बालबालिकाको सामाजिक तथा आर्थिक अवस्थालाई व्यापक रुपमा प्रभावित गरेको पाइएको थियो । अध्ययनको क्रममा छलफल गरिएका कतिपय प्रमुख सूचनादाताहरूले यस्तो अवस्थामा बाल विवाह, बाल श्रम, बालबालिका बेचविखन तथा ओसारपसारको जोखिम बढ्न सक्ने बताएका थिए । विद्यालय नियमित सञ्चालनमा नआउँदा बालबालिकाको दिनचर्यामा ठूलो परिवर्तन आएको पाइएको थियो

। अस्थायी आश्रयस्थलमा लामो समयसम्म बस्नुपर्ने, नियमित सिकाइबाट टाढा रहनुपर्ने तथा परिवारको जीविकोपार्जनमा संकट आउने हुनाले भविष्यमा बालबालिका बाल श्रममा संलग्न हुनसक्ने अवस्था सृजना भएको सूचनादाताहरूले बताएका थिए । यसैगरी विपद्को अवस्थालाई अवसरका रूपमा प्रयोग गरी अपरिचित व्यक्तिले राम्रो काम, शिक्षा वा सुरक्षित बसोबासको प्रलोभन देखाएर बालबालिका तथा किशोरीलाई अन्यत्र लैजान सक्ने जोखिम रहेको समेत केही व्यक्तिले बताएका थिए । विगतदेखि नै मानव बेचबिखनको जोखिममा रहेका रसुवा तथा नुवाकोट जिल्लामा बाढीपछिको विस्थापन तथा कमजोर पारिवारिक अवस्थाका कारण थप जोखिम हुन सक्ने उनीहरुको भनाइ थियो ।

## ९) शिक्षा तथा सिकाइ निरन्तरतामा प्रभाव

बाढीका कारण विद्यालयका भौतिक संरचना तथा बालबालिकाको नियमित सिकाइ प्रक्रिया प्रभावित भएको पाइएको थियो । गल्छी गाउँपालिका-६, बैरेनीस्थित बागेश्वरी माध्यमिक विद्यालय पूर्णरूपमा प्रभावित भएको पाइएको थियो । विद्यालयमा कीरब ४१५ विद्यार्थी अध्ययनरत रहेको र विद्यालयको भुइँतला पूर्ण रूपमा क्षतिग्रस्त भएको जानकारी प्राप्त भएको थियो । नजिकैका राइजिङ भिलेज तथा सक्सेस एकेडेमीजस्ता विद्यालयमा समेत क्षति पुगेको पाइएको थियो । धादिङको वैरेनी ६ स्थित वागेश्वरी माध्यामिक विद्यालयका कक्षा कोठामा ३ फिटभन्दा माथि बालुवा र हिलो माटोले पुरिएको पाइएको थियो । भदौ १४ गतेसम्म उक्त माटो हटाउनको लागि काम भएको थिएन । नुवाकोटमा ८ र रसुवामा ४ वटा बाढी प्रभावित स्थानका १२ वटा विद्यालय पूर्ण रुपमा ध्वस्त भएका अध्ययनको क्रममा पाइएको थियो । उक्त विद्यालयका भवनहरु ध्वस्त भएका कारण पठनपाठन हुन सक्ने अवस्थामा रहेको पाइएन । विद्यालयका शिक्षकका अनुसार विद्यालय प्रशासन, सुरक्षा निकाय तथा समुदायबीच समयमै समन्वय भएकाले बाढी विद्यालय परिसरमा प्रवेश गर्नुअघि विद्यार्थीलाई सुरक्षित स्थानमा सार्न सकिएको थियो भन्ने जानकारी रहेकोछ । यसबाट बाढीको समयमा विद्यालयमा रहेका बालबालिकाको तत्कालीन सुरक्षा व्यवस्थापन प्रभावकारी रहेको देखिएको थियो । तर विद्यालयको भौतिक संरचनामा भएको क्षति तथा प्रभावित क्षेत्रमा नियमित विद्यालय सञ्चालन हुन नसक्दा बालबालिकाको सिकाइ निरन्तरतामा अवरोध आएको पाइएको थियो । अस्थायी आवासमा रहेका बालबालिका नियमित विद्यालय, शिक्षक, साथी तथा सिकाइ वातावरणबाट टाढा रहेको अवस्था देखिएको थियो ।

दिनभर अस्थायी आश्रयस्थलमा बस्नुपर्ने र खेलकुद, मनोरञ्जन तथा सिकाइका गतिविधि सीमित हुँदा बालबालिकामा निष्क्रियता, तनाव, टोलाउने तथा व्यवहारगत परिवर्तन देखिन थालेको अध्ययनको क्रममा देखिएको थियो । अध्ययनको लागि स्थलगत रुपमा भ्रमण गरिएका कुनैपनि अस्थायी आश्रयस्थल तथा होल्डिङ सेल्टरमा बालबालिकाको दिनचर्या व्यवस्थापन, खेलकुद, मनोरञ्जन, सिकाइ, मनोसामाजिक सहयोगका लागि पर्याप्त सामाग्री तथा गतिविधि भएको पाइएन ।

## १०) स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ तथा स्वच्छतामा देखिएको समस्या

अस्थायी आश्रयस्थलहरूमा सुरक्षित खानेपानी, साबुन, व्यक्तिगत सरसफाइ सामग्री, सेनेटरी प्याड, नुहाउने स्थान तथा पर्याप्त शौचालय सुविधाको अभाव देखिएको थियो । यी सेवाको उपलब्धता स्थानअनुसार फरक भए पनि सम्पूर्ण अस्थायी आश्रय स्थलमा नियमित तथा पर्याप्त सुविधा नरहेको अवस्था भेटिएको थियो । गजुरीमा रहेका बालबालिकाले केही दिनदेखि चाउचाउ मात्र खाइरहेको बताएका थिए । यसले बालबालिकाले उमेर अनुसार आवश्यक पर्ने विविध तथा पोषणयुक्त खाना नियमित रूपमा प्राप्त गर्न नसकेको अवस्था देखाएको थियो । अध्ययनको क्रममा नुवाकोटका सेफ हाउस, क्रियापुत्री भवन, आयुर्वेदिक औषधालय, तामाङ प्लाजा र कवर्ड हलमा अनुगमन गर्दा खाना तथा खानेपानीको व्यवस्था राम्रो रहेको पाइएको थियो । यद्यपि यस्ता अस्थायी आश्रयस्थलको वरपर फोहोर यत्रत्यत्र फालिएको पाइएको थियो । शौचालय पनि फोहोर रहेको पाइएको थियो ।

धादिङ बहुमुखी क्याम्पसमा रहेको अस्थायी आश्रयस्थलमा ७ महिनाको शिशुसहित एक महिला बसिरहेको पाइएको थियो । अध्ययनको क्रममा स्थलगत रुपमा पुग्दा शिशुलाई ज्वरो आएको पाइएको थियो । शिशुको आमासँगको अर्न्तवार्तामा आश्रयस्थलमा आधारभूत उपचार समेत पाउन नसकेको बताएकी थिइन । यसले विपद्पछि साना बालबालिका तथा शिशुहरूको स्वास्थ्य अवस्था थप संवेदनशील रहेको देखाएको थियो । अधिकांश अस्थायी आश्रयस्थलमा फेर्ने लुगाकपडा नभएको, भित्री वस्त्र नभएको जस्ता कारणले अस्थायी आश्रयस्थलमा रहेका बालबालिकाले नुहाउन नपाएको, सरसफाइ गर्न नपाएको गुनासो गरेका थिए । यसैगरी अवलोकन गरिएको र छलफल गरिएका लगभग सबै आश्रयस्थलमा रहेका महिला तथा किशोरीका लागि आवश्यक महिनावारी स्वच्छता सामग्रीको अभावसमेत रहेको पाइएको थियो । अस्थायी आश्रयस्थलमा सेनेटरी प्याड, कपडा तथा भित्री वस्त्रको अभाव रहेको जानकारी प्राप्त भएको थियो । महिला तथा किशोरीका लागि पर्याप्त नीजि तथा सुरक्षित स्थानको उपलब्धता सीमित रहेको पाइएको थियो ।

## ११) मानसिक तथा मनोसामाजिक स्वास्थ्यको अवस्था

बाढीबाट प्रभावित बालबालिकालाई भौतिक क्षतिमा मात्र सीमित नभई मानसिक तथा भावनात्मक तहमा समेत प्रभाव परेको पाइएको थियो । आफ्नो घर, बस्ती तथा विद्यालय क्षतिग्रस्त भएको देख्नु, आफन्तको मृत्यु वा सम्पर्कविहीनताको अवस्था, उद्धारको प्रतिक्षा तथा भविष्यको अनिश्चितताले बालबालिकामा डर, तनाव तथा असुरक्षाको भावना उत्पन्न भएको पाइएको थियो । स्थलगत अवलोकन तथा सूचनादातासँगको छलफलमा सम्पूर्ण होल्डिङ सेन्टर तथा अस्थायी आश्रयस्थलमा रहेका बालबालिका तथा महिलामा डर, तनाव, एक्लै टोलाउने, झस्किने जस्ता व्यवहार देखिने गरेको पाइएको थियो । बाढीका कारण घर, परिवार, आफन्त, सम्पत्ति गुमाउने तथा नियमित जीवनमा आएको परिवर्तनले प्रभावित व्यक्तिमा मानसिक दबाब बढेको देखिएको थियो । बालबालिकाका लागि नियमित विद्यालय, खेलकुद, साथीभाइ तथा परिचित वातावरणबाट अलग हुनुपरेको कारणले उनीहरूको दैनिक सामाजिक तथा भावनात्मक संरचनामा समेत परिवर्तन ल्याएको पाइएको थियो । होल्डिङ सेन्टरमा बसिरहेका बालबालिकाका लागि संरचित मनोसामाजिक गतिविधि, खेलकुद वा नियमित बालमैत्री संवाद सञ्चालन भएको अवस्था देखिएन ।

## १२) अपाङ्गता भएका बालबालिकाले भोग्नु परेको समस्या

अध्ययनको क्रममा अस्थायी आश्रयस्थलमा २१ जना अपाङ्गता अपांगता भएका बालबालिका रहेको पाइएको थियो । अपाङ्गता भएका बालबालिकाले आश्रय, खाद्यान्न, सेवा, यातायात तथा मानवीय सहायता प्राप्त गर्दा थप कठिनाइ भोग्नुपरेको स्थलगत अध्ययनको क्रममा बताएका थिए । प्रभावित अपांगता भएका बालबालिकासँग ह्वीलचेयर तथा अन्य अत्यावश्यक सहायक सामग्रीको अभाव रहेको पाइएको थियो । अस्थायी आश्रयस्थलमा आवतजावत गर्ने बाटो, शौचालय तथा अन्य संरचना अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त नरहेको पाइएको थियो । राहत वितरण तथा अन्य सूचना प्रवाहमा पनि सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको आवश्यकताअनुसार पहुँच सुनिश्चित हुनेगरी भएको पाइएन । अपाङ्गता भएका बालबालिकाका लागि सामान्य बालबालिकाभन्दा अतिरिक्त हेरचाह, आवतजावत सहयोग तथा सहायक सामग्री आवश्यक पर्ने अवस्था रहेको भए तापनि विपद्पछिको अस्थायी व्यवस्थापनमा ती आवश्यकता समान रूपमा उपलब्ध हुन सकेको पाइएन ।

## १३) बाल संरक्षण सम्बन्धी अभिलेख तथा तथ्यांकको अवस्था

होल्डिङ सेन्टरमा बालबालिकाको आगमन तथा प्रस्थान सम्बन्धी तथ्यांक राख्ने अभ्यास एकै किसिमको रहेको पाइएन । होल्डिङ सेन्टर तथा अस्थायी आश्रयस्थलमा तथ्यांक राख्ने तरिका र ढाँचा भिन्न भिन्न रहेको पाइएको थियो । विशेषगरी उमेर, लिङ्ग, अपाङ्गता, पारिवारिक अवस्था तथा विशेष संरक्षण आवश्यकता छुट्याएर अभिलेख राख्ने गरेको पाइएन । सेन्टरमा बस्ने बालबालिकाको संख्या परिवर्तन भइरहने कारण बालबालिकाको वास्तविक संख्या पहिचानमा समेत कठिनाइ भएको थियो । जसले गर्दा यही अध्ययनको क्रममा समेत तथ्यांक संलकन गर्न असहजता उत्पन्न भएको थियो ।

केही बालबालिका परिवारसँगै आउने, केही आफन्तसँग आउने र केही परिवारको प्रत्यक्ष साथविना आउने अवस्था रहेकाले उनीहरूको सम्बन्ध तथा जिम्मेवारीको विवरण फरक-फरक रहेको पाइएको थियो । बालबालिका कहाँबाट आएका हुन्, उनीहरू अहिले कसको जिम्मामा छन्, परिवारसँग सम्पर्क छ वा छैन र उनीहरू कहिले तथा कहाँ जाने अवस्था छ भन्ने विवरण निरन्तर अद्यावधिक गर्ने व्यवस्था रहेको पाइएन । यसले विपद्को समयमा बालबालिकाको गतिशीलता र पारिवारिक अवस्थालाई एकैपटक ट्र्याकिङ गर्न कठिनाइ रहेको पाइएको थियो ।

## १४) बालबालिकाको पहिचान तथा महत्वपूर्ण कागजातमा भएको क्षतिको विवरण

स्थलगत अध्ययनका क्रममा सम्पूर्ण होल्डिङ सेन्टर तथा अस्थायी आश्रयस्थलमा रहेका बालबालिकाको बाढीको कारण घर तथा व्यक्तिगत सम्पत्तिसँगै परिवारका महत्वपूर्ण कागजात तथा सामग्रीमा समेत नष्ट भएको पाइएको थियो । प्रभावित परिवारहरू अस्थायी आश्रयस्थलमा स्थानान्तरण भएका कारण बालबालिकाको जन्मदर्ता, विद्यालय सम्बन्धी कागजात तथा अन्य व्यक्तिगत पहिचान सम्बन्धी अभिलेख सुरक्षित रहन सकेको पाइएन । विशेषगरी घर पूर्ण रूपमा क्षतिग्रस्त भएका परिवारमा व्यक्तिगत कागजात तथा महत्वपूर्ण सामग्री सुरक्षित नभएको पाइएको थियो । परिवार विस्थापित भएर विभिन्न स्थानमा पुगेको अवस्थामा बालबालिकाको पहिचान तथा पारिवारिक विवरण मौखिक रूपमा मात्र उपलब्ध हुने अवस्था रहेको सूचनादाताहरूले बताएका थिए । यसले विपद्पछिको अवस्थामा बालबालिकाको व्यक्तिगत तथा पारिवारिक पहिचान सम्बन्धी कार्यमा प्रभाव पारेको थियो ।

## १५) सूचना तथा सञ्चारमा बालबालिकाको पहुँचको अभाव

विपद्पछिको अवस्थामा परिवार तथा बालबालिकाको नियमित सञ्चार सम्पर्कमा अवरोध आएको पाइएको थियो । खासगरी रसुवा र नुवाकोट जिल्लामा रहेका अस्थायी आश्रयस्थलमा यस्तो समस्या पाइएको थियो । सञ्चार विच्छेदका कारण परिवारका सदस्यबीच सम्पर्क कायम गर्न कठिनाइ भएको र कतिपय अवस्थामा बालबालिका तथा अभिभावकको अवस्थाबारे तत्काल जानकारी प्राप्त गर्न समेत कठिन भएको सूचनादाताहरूले बताएका थिए ।

होल्डिङ सेन्टरमा रहेका परिवारहरू राहत, स्वास्थ्य, विद्यालय, सुरक्षित आवागमन तथा अन्य सेवा सम्बन्धी जानकारीका लागि स्थानीय तह तथा सेवा प्रदायकमा निर्भर रहेको अवस्था देखिएको थियो । कुनैपनि अस्थायी आश्रयस्थलमा बालबालिकाका लागि उपलब्ध सूचना उनीहरूको उमेर तथा बुझाइको तह अनुरुपको रहेको पाइएन । परिवारबाट अलग भएका वा अन्य हेरचाहकर्तासँग रहेका बालबालिकाका लागि अभिभावकसँग सम्पर्कको अवस्था पनि फरक-फरक रहेको पाइएको थियो । कतिपय अवस्थामा परिवारसँग सम्पर्क कायम रहेको भए तापनि नियमित सम्पर्क रहे/नरहेको अभिलेख उपलब्ध रहेको पाइएन ।

## १६) बाल संरक्षण सम्बन्धी सेवा, सम्पर्क तथा सिफारिसको अवस्था

स्थलगत अध्ययनमा स्थानीय तह, प्रहरी तथा सम्बन्धित संस्थाका प्रतिनिधिहरूको उपस्थिति अस्थायी आश्रयस्थलहरूमा रहेको पाइएको थियो । तर बाल संरक्षण सम्बन्धी सेवाको पहुँच र व्यवस्थापन भने सबै आश्रयस्थलहरुमा समान रुपमा रहेको देखिएन । बालबालिकाको संरक्षण सम्बन्धी समस्या उत्पन्न भएमा सम्पर्क गर्ने व्यक्ति वा संस्थाबारे जानकारी प्रभावित व्यक्तिलाई प्रष्ट रुपमा जानकारी दिइएको अवस्था देखिएन । अर्न्तवार्ता गरिएका बालबालिका तथा अभिभावकले यसबारेमा आफूलाई जानकारी नै नभएको बताएका थिए । परिवारबाट छुट्टिएका बालबालिका, हिंसा वा दुर्व्यवहारको सम्भावित जोखिममा रहेका बालबालिका, स्वास्थ्य तथा मनोसामाजिक समस्या भएका बालबालिका र विशेष संरक्षण आवश्यकता भएका बालबालिकाको अवस्था पहिचान गर्ने व्यवस्थित र प्रभावकारी अभ्यास रहेको पाइएन । बाल हेल्पलाइन सेवा १०९८ काठमाडौं र मकवानपुरमा ९७ वटा सूचना तथा जानकारी दर्ता भएको पाइएको थियो । स्वास्थ्य, प्रहरी, स्थानीय तह तथा अन्य सेवा प्रदायकबीच समन्वय रहेको भए तापनि बाल संरक्षण सम्बन्धी सबै प्रकारका घटनालाई एउटै प्रणालीमा अभिलेखिकरण गर्ने गरेको पाइएन । यसले बालबालिका सम्बन्धी व्यक्तिगत घटना व्यवस्थापन गर्ने प्रक्रियामा कठिनाई भएको पाइयो ।

## १७) बालबालिकाको सहभागिता तथा उनीहरूको अनुभव

प्रभावित परिवार तथा वयस्क सूचनादाताबाट बालबालिकाको अवस्थाबारे जानकारी प्राप्त भए तापनि बालबालिकाले स्वयं आफ्नो आवश्यकता, डर, समस्या तथा अनुभव व्यक्त गर्न सक्ने अवस्था रहेको पाइएन । स्थलगत अध्ययनको क्रममा छलफल गर्नको लागि आग्रह गरिएका अधिकांश बालबालिकाले आफ्नो कुरा निर्धक्कसँग राख्न सकेनन् । उनीहरुमा डर, त्रास र भयको अवस्था रहेको पाइएको थियो । विशेषगरी विद्यालय बन्द हुनु, अस्थायी आवासमा बस्नु, खेलकुद तथा साथीभाइसँग सम्पर्क नहुनु, कतिपयले अभिावक, आफन्त तथा साथीभाई गुमाउनु लगायतका कारणले बालबालिकाको दैनिक जीवनमा असर पारेको पाइएको थियो ।

## १८) जोखिमको बहुआयामिक तथा अन्तर सम्बन्धित अवस्था

स्थलगत अध्ययनका सिलसिलामा बाल संरक्षणका जोखिमहरू छुट्टाछुट्टै रूपमा मात्र नभई एकअर्कासँग अन्तर सम्बन्धित रूपमा रहेको देखियो । घर क्षतिग्रस्त भएपछि परिवार विस्थापित भएको, विस्थापनसँगै विद्यालय बन्द भएको, विद्यालय बन्द हुँदा बालबालिकाको दैनिक गतिविधि परिवर्तन भएको र परिवारको जीविकोपार्जनमा आएको समस्याले खाद्य तथा पोषणको अवस्था समेत प्रभावित भएको देखिएको थियो । यसैगरी, परिवारबाट अलग भएका तथा छुट्टिएका बालबालिकाको हेरचाहको अवस्था, अस्थायी आश्रयस्थलको भीडभाड, व्यक्तिगत गोपनीयताको सीमितता तथा कमजोर अभिलेखीकरण एकअर्कासँग अन्तर सम्बन्धित रहेका पाइएको थियो । महिला, बालबालिका तथा किशोरीका लागि सुरक्षित स्थानको अभाव, खानेपानी तथा सरसफाई सुविधाको अभाव वा सीमितता र महिनावारी स्वच्छता सामग्रीको अभाव पनि एउटै अस्थायी आवासीय अवस्थाभित्र देखिएका परस्पर सम्बन्धित सवाल रहेका थिए ।

अपाङ्गता भएका व्यक्तिका लागि पहुँचको समस्या, स्वास्थ्य तथा सरसफाइ सेवामा अवरोध र आवतजावतको कठिनाइसमेत एकैपटक देखिएको थियो । यसले विपद्को प्रभाव बालबालिकाको कुनै एउटा क्षेत्रमा मात्र सीमित नभई बाल सुरक्षा, परिवार, शिक्षा, स्वास्थ्य, पोषण, आवास, सामाजिक सम्बन्ध, सहभागिता तथा संरक्षणको समग्र अवस्थासँग जोडिएको पाइएको थियो ।

# तालिका नं. ५

मुख्य प्राप्ति तथा नतिजाको सारांश

| **क्षेत्र** | **अवस्था** | **बाल संरक्षणमा पारेको प्रभाव/जोखिम** | **प्राथमिक सम्बोधन** |
|---|---|---|---|
| भौतिक क्षति | घर तथा संरचनामा क्षति | विस्थापन, असुरक्षित आश्रय, परिवारको आर्थिक संकट | सुरक्षित आश्रय, पुनःस्थापना र जोखिममा आधारित सहयोग |
| परिवार तथा हेरचाह | अभिभावकबाट छुट्टिएका, अलग भएका र हेरचाहकर्ताविहीन हुन सक्ने अवस्था | परिवार विखण्डन, शोषण, दुर्व्यवहार तथा वेवास्ता | तत्काल प्रमाणीकरण, परिवार खोज तथा पुनर्मिलन, घटना व्यवस्थापन |
| आश्रय सेल्टर | केही सेन्टरमा अभिलेख, गोपनीयता, सुरक्षा र आधारभूत सेवामा कमी | बालबालिका, महिला तथा किशोरीको उच्च संरक्षण जोखिम | दर्ता, सुरक्षा योजना, बाल संरक्षण डेस्क र सुरक्षित स्थान |
| खानेपानी तथा सरसफाइ | शौचालय, सुरक्षित पानी, नुहाउने स्थान र सरसफाइ सामग्रीको कमी | स्वास्थ्य, मर्यादा र संक्रमण सम्बन्धी जोखिम | पानी, छुट्टाछुट्टै पहुँचयुक्त शौचालय, हातधुने तथा सरसफाइ सामग्री |
| पोषण | उमेर अनुसार पर्याप्त पोषणयुक्त खाना नपुगेको अवस्था | कुपोषण तथा बाल स्वास्थ्यमा असर | बाल तथा शिशु पोषण, गर्भवती तथा सुत्केरी सहयोग र नियमित स्वास्थ्य जाँच |
| शिक्षा | विद्यालयमा क्षति र नियमित पठनपाठन अवरुद्ध | सिकाइ अवरुद्ध, विद्यालय छाड्ने तथा नकारात्मक व्यवहारको जोखिम उच्च | अस्थायी सिकाइ केन्द्र शैक्षिक सामग्री तथा विद्यालयको पुननिर्माण |
| मनोसामाजिक | डर, तनाव, झस्किने तथा व्यवहारगत परिवर्तनको संकेत | दीर्घकालीन मानसिक तथा मनोसामाजिक असर | मनोवैज्ञानिक प्राथमिक सहायता, परामर्श, बालमैत्री गतिविधि र सिफारिस |
| महिला तथा किशोरी | प्याड, कपडा, भित्री वस्त्र प्रयोग गर्न छुट्टै स्थानको अभाव | मर्यादा, सुरक्षा र लैंगिक हिंसाको जोखिम | स्वच्छता सम्बन्धी सामग्री, सुरक्षित स्थान र गोपनीयता |
| अपांगता | ह्वीलचेयर तथा सहायक सामग्री तथा पहुँचमा समस्या | सेवा तथा राहतबाट वञ्चित हुने जोखिम | पहुँचयुक्त आश्रय, सहायक सामाग्री र प्राथमिकतामूलक सेवा |

| | | | |
|---|---|---|---|
| आर्थिक अवस्था | जीविकोपार्जन तथा आम्दानीका सम्भावित क्षति | बल श्रम, विद्यालय छाड्ने, बाल विवाह, शोषणको दीर्घकालीन जोखिम | सामाजिक संरक्षण, नगद तथा जीविकोपार्जन पुन:स्थापना |

## शिक्षासम्बन्धी केही जानकारी

स्थलगत अध्ययनको क्रममा नुवाकोट, रसुवा तथा धादिङमा गरिएको छलफल तथा अन्तर्वार्ता र अवलोकनबाट तीनवटै जिल्लाका केही विद्यालयमा भौतिक क्षति पुगेको पाइएको थियो । यसैगरी शिक्षक तथा विद्यार्थीको अवस्थाको बारेमा पनि केही जानकारी प्राप्त भएको छ । प्राप्त प्रारम्भिक जानकारी निम्नानुसार रहेको छः

- रसुवा जिल्लाको गोसाइकुण्ड गाउँपालिका टिमुरेमा रहेको नेपाल राष्ट्रिय आ.वि पूर्ण रूपमा क्षतिग्रस्त भएको र उक्त विद्यालयका ६ जना शिक्षक अहिलेसम्म बेपत्ता रहेका छन् ।
- रसुवाको गोसाईकुण्ड गाउँपालिका स्याफ्रुबेंसीमा रहेको श्री कोमिन श्यामे वाङफेल माध्यमिक विद्यालयको भौतिक संरचनामा उल्लेखनीय क्षति नभए पनि २ जना शिक्षक बेपत्ता रहेका छन् । साथै उक्त विद्यालयमा अध्ययन गर्ने केही विद्यार्थीको अवस्था अज्ञात रहेको छ ।
- रसुवा जिल्लाको उत्तरगया गाउँपालिका वडा नं. ५ मा रहेको निलकण्ठ माध्यमिक विद्यालयका २०० भन्दा बढी विद्यार्थी र ४ जना शिक्षक बेपत्ता रहेका छन् । विद्यालयको भौतिक संरचनामा भने उल्लेखनीय क्षति नभएको जानकारी प्राप्त भएको छ ।
- रसुवा जिल्लाकै उत्तरगया गाउँपालिकामा रहेको नव विजय माध्यमिक विद्यालयका १ जना शिक्षक बेपत्ता रहेको जानकारी प्राप्त भएको छ ।
- रसुवाको उत्तरगया गाउँपालिकामा रहेको चिप्लेटी आधारभूत विद्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएको पाइएको छ । उक्त विद्यालयको १ जना विद्यार्थीको मृत्यु भएको र ३ जना विद्यार्थी बेपत्ता रहेका छन् ।
- रसुवा जिल्लाको उत्तरगया गाउँपालिका वडा नं. ५ वेत्रावतीमा रहेको ट्रिनिटी बोर्डिङ स्कुल पूर्ण रूपमा क्षतिग्रस्त भएको छ ।

- ❖ नुवाकोटको रामचन्द्र आधारभूत विद्यालयका १०० भन्दा बढी विद्यार्थी तथा ३ जना शिक्षक बेपत्ता रहेको प्रारम्भिक जानकारी प्राप्त भएको छ ।
- ❖ नुवाकोट जिल्लाको विदुर नगरपालिका १० मा रहेको उत्तरगया बोर्डिङ स्कूलका विद्यार्थीसमेत रहेको एउटा बस बेपत्ता भएको छ । यसैगरी २ जना शिक्षक बेपत्ता रहेको तथा १०० भन्दा बढी विद्यार्थीको अवस्था समेत अज्ञात रहेको छ । उक्त विद्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएको छ ।
- ❖ विदुर नगरपालिका वडा नं. ७ नुवाकोटमा रहेको चण्डेश्वरी माध्यमिक विद्यालयका १ जना शिक्षक र ७ जना विद्यार्थी बेपत्ता रहेका छन् ।
- ❖ नुवाकोटको त्रिभुवन त्रिशूली माध्यमिक विद्यालयका  १ जना शिक्षक र १ जना कर्मचारी बेपत्ता रहेका छन् ।
- ❖ नुवाकोटको सुन्दरादेवी आधारभूत विद्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएको पाइएको छ ।
- ❖ धादिङको बागेश्वरी माध्यमिक विद्यालय परिसर तथा संरचनामा बाढीको लेदोले भरिएको पाइएको छ । जसका कारण विद्यालयको नियमित शैक्षिक वातावरण प्रभावित भएको छ ।
- ❖ धादिङको सक्सेस एकेडेमी विद्यालय परिसर तथा संरचना बाढीको लेदोले भरिएको छ । जसले विद्यालय सञ्चालन तथा विद्यार्थीको सिकाइ वातावरणमा प्रभाव पारेको पाइएको छ ।

*(नोटः प्राप्त विवरणहरू स्थानीयस्तरमा उपलब्ध प्रारम्भिक तथा अनौपचारिक सूचनामा आधारित भएकाले सम्बन्धित स्थानीय तह, विद्यालय, प्रहरी/सुरक्षा निकाय तथा शिक्षा निकायबाट थप प्रमाणीकरण आवश्यक रहेको देखिन्छ ।)*

# सुझाव तथा सिफारिस

अध्ययनका क्रममा भोटेकोशी बाढी प्रभावित बालबालिकाको अवस्था र आवश्यकता बहुआयामिक रहेको देखिएको छ । बाढी तथा पहिरोबाट घर, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी तथा सरसफाइ संरचना र परिवारको जीविकोपार्जनका स्रोतमा परेको क्षतिसँगै बालबालिकाको सुरक्षा, परिवारसँगको सम्पर्क, अभिभावकीय हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य, मनोसामाजिक अवस्था, गोपनीयता तथा सुरक्षित वातावरणमा समेत प्रत्यक्ष प्रभाव परेको छ । अभिभावक गुमाएका, परिवारबाट अलग भएका तथा छुट्टिएका, आफन्तको संरक्षणमा रहेका, अभिभावक बेपत्ता भएका, अभिभावकको मृत्यु भएका, साथीभाई वा आफन्त गुमाएका बालबालिका, विद्यालय तथा शिक्षक र विद्यार्थीको अवस्था सम्बन्धी प्रारम्भिक सूचना, अस्थायी आश्रयस्थलमा भएको भीडभाड, बालमैत्री स्थानको अभाव, खानेपानी तथा सरसफाइको सुविधाको अभाव, पोषण सम्बन्धी समस्या तथा परिवारको आर्थिक संकटले बाल संरक्षणलाई व्यापक दृष्टिकोणबाट सम्बोधन गर्नुपर्ने आवश्यकता देखिएको छ । यस सन्दर्भमा विपद् प्रतिकार्यलाई तत्कालीन राहत वितरणमा मात्र सीमित नराखी जीवनरक्षा, बाल संरक्षण, परिवारको पुनर्मिलन, सुरक्षित आश्रय, शिक्षा निरन्तरता, स्वास्थ्य तथा पोषण, मनोसामाजिक सहयोग, सामाजिक सुरक्षा र परिवारको आर्थिक पुनःस्थापनालाई एकीकृत रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ ।

## तत्कालका लागि प्राथमिक सुझाव तथा सिफारिस

### *अभिभावक गुमाएका, परिवारबाट अलग भएका तथा छुट्टिएका तथा विशेष संरक्षणको आवश्यकता रहेका बालबालिका*

- ❖ अभिभावक गुमाएका, परिवारबाट अलग भएका तथा छुट्टिएका, हेरचाहकर्ताविहीन, अभिभावक बेपत्ता वा मृत्यु भएका तथा आफन्तको संरक्षणमा रहेका बालबालिकाको छुट्टै पहिचान गरी तत्काल संरक्षण तथा व्यवस्थापनको लागि लेखाजोखा गरिनु पर्दछ ।
- ❖ यस्ता बालबालिकाको अवस्थालाई परिवार खोज, परिवारसँग पुनर्मिलन, घटना व्यवस्थापन, सुरक्षित सिफारिस गर्न सम्बन्धित स्थानीय तह, स्थानीय बाल अधिकार समिति तथा बाल अधिकार संरक्षण प्रणालीसँग जोड्नु पर्दछ ।

- ❖ परिवारसँग पुनर्मिलन सम्भव नभएका बालबालिकाको हकमा बालबालिकाको सर्वोत्तम हितको आधारमा कानून बमोजिम आवश्यकतानुसार सुरक्षित तथा उपयुक्त अस्थायी संरक्षण सेवाको प्रबन्ध तथा वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्दछ ।
- ❖ विशेष रूपमा बाबुआमाको मृत्यु तथा बेपत्ता भएको भनिएको अपाङ्गता भएका बालबालिका सम्बन्धी घटनालगायत अन्य गम्भीर प्रकृतिका घटनाहरूलाई तत्काल प्रमाणीकरण गरी घटना व्यवस्थापन गरिनु पर्दछ ।
- ❖ बालबालिकालाई अपरिचित व्यक्तिको संरक्षणमा अनियन्त्रित रूपमा पठाउने वा सम्बन्धित स्थानीय तहको अनुमतिबिनाको स्थानान्तरण हुन नदिई जिम्मेवार अभिभावक वा हेरचाहकर्ताको पहिचान तथा सम्पर्क विवरण व्यवस्थित ढंगले अभिलेखिकरण गरिनु पर्दछ ।

## *हिंसा तथा शोषणबाट संरक्षण*

- ❖ नेपाल प्रहरी, स्थानीय तह, समुदाय तथा बाल संरक्षण क्षेत्रमा कार्यरत संघ संस्थाबीच समन्वय गरी प्रत्येक अस्थायी आश्रयस्थलका लागि बालबालिका तथा महिला सुरक्षा तथा संरक्षण योजना तयार गर्नुपर्दछ ।
- ❖ रात्रीकालीन सुरक्षा, सुरक्षित प्रवेश तथा निकास, उजुरी तथा गुनासो व्यवस्थापन र सम्भावित हिंसा वा दुर्व्यवहारको तत्काल उजूरी तथा सुनुवाइको स्पष्ट र सरल प्रक्रिया सहितको संयन्त्र स्थापना गरी कार्यान्वयन गर्नुपर्दछ ।
- ❖ बालबालिका तथा किशोरीलाई यौन हिंसा, शोषण, दुर्व्यवहार, बाल श्रम, बाल विवाह, मानव बेचबिखन तथा ओसारपसारको जोखिमबाट सुरक्षित राख्न समुदायस्तर तथा नाकामा निगरानी तथा संरक्षण संयन्त्र सक्रिय बनाउनु पर्दछ ।
- ❖ हिंसा तथा शोषणबाट प्रभावित र जोखिममा रहेका बालबालिकाको लेखाजोखा र घटना व्यवस्थापनमार्फत संरक्षण सेवा प्रदान गरिनु पर्दछ ।
- ❖ विपद्का कारण विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आवश्यकताका आधारमा राहात सहायता तथा जीविकोपार्जनका उपायहरु खोजी गरी सहयोग उपलब्ध गराउनु पर्दछ ।
- ❖ विपद्का कारण विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समावेश गरिनु पर्दछ ।

- ❖ मानवीय सहायता प्रदान गरिने क्रममा हुनसक्ने यौनजन्य हिंसा तथा दुर्व्यवहार (PSEA) निरुत्साहन गर्न तथा प्रलोभन वा शोषणबाट संरक्षण गर्न सुरक्षित तथा जवाफदेही संयन्त्रको स्थापना गरिनु पर्दछ ।

## *मनोसामाजिक सहयोग*

- ❖ प्रभावित बालबालिका, अभिभावक तथा परिवारका अन्य सदस्यका लागि मनोसामाजिक सेवा उपलब्ध गराइनु पर्दछ ।
- ❖ बालबालिकाका लागि उमेर अनुकूल खेल, सिर्जनात्मक गतिविधि, समूह संवाद तथा सुरक्षित सामाजिक अन्तरक्रिया मार्फत मनोसामाजिक सहयोग उपलब्ध गराउनु पर्दछ ।
- ❖ गम्भीर डर, तनाव, झस्किने, निरन्तर टोलाउने, व्यवहारमा उल्लेखनीय परिवर्तन वा अन्य मनोसामाजिक समस्या देखिएका बालबालिका तथा परिवारका सदस्यलाई आवश्यकताअनुसार विशेषज्ञ मानसिक स्वास्थ्य सेवामा रेफर गर्ने प्रणालीको प्रभावकारी अभ्यास गरिनु पर्दछ ।
- ❖ परिवारबाट छुट्टिएका, आफन्तको संरक्षणमा रहेका वा मृत्यु/वेपत्ता सम्बन्धी घटनाबाट प्रत्यक्ष प्रभावित बालबालिकाका लागि थप मनोसामाजिक परामर्श तथा फलोअपको व्यवस्था तत्काल गर्नुपर्दछ ।

## *प्रभावित बालबालिका तथा परिवारको पहिचान र तथ्याङ्क प्रमाणीकरण*

- ❖ बाढीबाट प्रभावित सम्पूर्ण स्थानीय तहबाट बालबालिका तथा परिवार सम्बन्धी विस्तृत विवरण तथा तथ्याङ्क सङ्कलन तथा प्रमाणीकरण गरी एउटै समन्वित तथा एकीकृत तथ्याङ्क प्रणालीमा अद्यावधिक गरिनु पर्दछ ।
- ❖ आफ्नो घर पूर्ण क्षतिग्रस्त भएका, आंशिक क्षति भएका, विस्थापित, आयस्रोत गुमाएका, एकल अभिभावक भएका, अभिभावक बेपत्ता वा मृत्यु भएका, बालबालिका मात्र रहेका, आफन्तको संरक्षणमा रहेका तथा अपाङ्गता भएका सदस्य भएका परिवारलाई छुट्टाछुट्टै पहिचान गरिनु पर्दछ ।
- ❖ देवघाट गाउँपालिका, गण्डकी गाउँपालिका, बेनीघाट रोराङ गाउँपालिका, उत्तरगया गाउँपालिका, विदुर नगरपालिका, गल्छी गाउँपालिका, तारकेश्वर गाउँपालिका, गोसाईकुण्ड गाउँपालिका लगायतबाट अपूर्ण रहेका विवरणहरू थप फलोअप गरी प्रमाणीकरण गर्नुपर्दछ ।

- ❖ विद्यालय, स्थानीय तह, प्रहरी, स्वास्थ्य संस्था तथा राहत व्यवस्थापन संरचनाबाट प्राप्त तथ्याङ्कबीच सम्भव भएसम्म तुलना गरी दोहोरो गणना तथा छुटेका परिवार वा बालबालिकाको अवस्था पहिचान गरिनु पर्दछ।
- ❖ शिक्षक तथा स्थानीय सूचनादाताबाट प्राप्त शिक्षक तथा विद्यार्थी वेपत्ता, मृत्यु तथा विद्यालयको क्षति सम्बन्धी प्रारम्भिक सूचनालाई सम्बन्धित विद्यालय, स्थानीय तह, प्रहरी तथा शिक्षा निकायबाट तत्काल प्रमाणीकरण गर्नुपर्दछ।
- ❖ बालबालिकाको तथ्याङ्क सङ्कलन गर्दा नाम/पहिचान संकेत, उमेर, लिङ्ग, अपाङ्गताको अवस्था, अभिभावक/हेरचाहकर्ता, मूल स्थान, हालको स्थान, सम्पर्क विवरण, परिवारबाट छुट्टिएको अवस्था तथा विशेष संरक्षण आवश्यकतालाई समेट्ने व्यवस्था गर्नुपर्दछ।

## *होल्डिङ सेन्टर तथा अस्थायी आश्रयस्थलको सुरक्षा र व्यवस्थापन*

- ❖ प्रत्येक होल्डिङ सेन्टर तथा अस्थायी आश्रयस्थलमा बाल संरक्षण तथा सुरक्षा डेस्क/सम्पर्क विन्दु स्थापना गरी बाल संरक्षण सम्बन्धी जिम्मेवार व्यक्ति तथा सम्पर्क नम्बर सार्वजनिक रूपमा राख्ने व्यवस्था मिलाउनु पर्दछ।
- ❖ प्रत्येक अस्थायी आश्रयस्थलमा बालबालिकाको प्रवेश तथा प्रस्थान अभिलेख नियमित रूपमा राख्नुपर्ने व्यवस्था गरिनु पर्दछ। अभिलेखमा बालबालिकाको पहिचान, उमेर, लिङ्ग, अभिभावक तथा हेरचाहकर्ता, मूल स्थान, हालको स्थान, गन्तव्य तथा विशेष संरक्षणको आवश्यकता लगायतका विवरण नियमित रुपमा संकलन तथा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्दछ।
- ❖ आश्रयस्थलमा प्रवेश गर्ने तथा बाहिर जाने व्यक्तिको विवरणलाई व्यवस्थित गर्दै बालबालिकासँग सम्बन्धित आवागमनमा अभिभावक वा जिम्मेवार हेरचाहकर्ताको विवरण अभिलेख गर्ने व्यवस्था आवश्यक देखिन्छ।
- ❖ बालबालिकाको फोटो, भिडियो तथा व्यक्तिगत विवरण अनधिकृत रूपमा सङ्कलन वा सार्वजनिक गर्न नपाउने गरी बालबालिकाको गोपनीयता र मर्यादा संरक्षण सम्बन्धी स्पष्ट निर्देशन जारी गरी प्रचलित कानून बमोजिम कारबाहीगरिनु पर्दछ।
- ❖ रातिको समयमा पर्याप्त प्रकाश, सुरक्षित प्रवेश/निकास, महिला तथा बालबालिकाको सुरक्षा र आवश्यकतानुसार सुरक्षा जनशक्तिको उपस्थिति सुनिश्चित गरिनु पर्दछ।

- ❖ बालबालिका, महिला, किशोरी, अपाङ्गता भएका व्यक्ति तथा अन्य विशेष संरक्षण आवश्यकता भएका व्यक्तिका लागि सम्भव भएसम्म सुरक्षित र उपयुक्त अलग अलग स्थान छुट्याउनु पर्दछ ।
- ❖ स्तनपान गराइरहेका आमाको लागि सुरक्षित स्तनपान कक्षको व्यवस्थापन गरिनु पर्दछ ।

### *खानेपानी, सरसफाइ तथा स्वच्छता*

- ❖ सबै अस्थायी आश्रयस्थलमा सुरक्षित खानेपानी, हातधुने स्थान, साबुन, शौचालय, नुहाउने स्थान तथा फोहोर व्यवस्थापनको न्यूनतम मापदण्ड तोकेर कार्यान्वयन गरिनु पर्दछ ।
- ❖ महिला र पुरुषका लागि छुट्टाछुट्टै तथा अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त शौचालयको व्यवस्था गरिनु पर्दछ ।
- ❖ महिला तथा किशोरीका लागि महिनावारी स्वच्छता सामग्री, आवश्यक निजी स्थान तथा सुरक्षित रूपमा कपडा परिवर्तन तथा व्यवस्थापन गर्न सक्ने वातावरण सुनिश्चित गरिनु पर्दछ ।
- ❖ होल्डिङ सेन्टर तथा अस्थायी आश्रयस्थल वरपर नियमित फोहोर सङ्कलन, ढल तथा फोहोर पानी व्यवस्थापन र सरसफाइका काम गरिनुपर्दछ ।

### *बालमैत्री स्थल तथा शिक्षाको निरन्तरता*

- ❖ विद्यालय पुनः सञ्चालन नभएसम्म सम्पूर्ण प्रभावित क्षेत्रमा अस्थायी सिकाइ केन्द्र तथा बालमैत्री स्थल स्थापना तथा सञ्चालन गरिनु पर्दछ ।
- ❖ यस्ता स्थानमा स्थानीय शिक्षक, बाल विकास सहजकर्ता, प्रशिक्षित स्वयंसेवक तथा बाल संरक्षण सम्बन्धी अनुभव भएका व्यक्तिको परिचालन गरी उमेर अनुसार पढाइ, कथा वाचन, चित्रकला, सिर्जनात्मक गतिविधि, खेलकुद तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।
- ❖ प्रभावित बालबालिकालाई झोला, कापी, किताब, लेखन सामग्री तथा अन्य आवश्यक शैक्षिक सामग्री उपलब्ध गराई सिकाइ निरन्तरतामा सहयोग गरिनु पर्दछ ।
- ❖ विद्यालय भौतिक रूपमा क्षतिग्रस्त भएका स्थानमा अस्थायी कक्षा सञ्चालनका लागि सुरक्षित वैकल्पिक स्थानको पहिचान गरी आवश्यक पूर्वाधार तत्काल निर्माण गरिनु पर्दछ ।
- ❖ पोषण तथा स्वास्थ्य शिशु तथा बालबालिकाका लागि उमेर अनुसारको पोषणयुक्त तथा विविध खाद्य सामग्रीको सूची बनाई तत्काल नियमित रुपमा उपलब्ध गराउने व्यवस्था गरिनु पर्दछ ।

- ❖ शिशु, पाँच वर्षमुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको पोषण अवस्थालाई विशेष प्राथमिकताका साथ पहिचान गरी आवश्यक सेवा उपलब्ध गर्नपर्दछ ।
- ❖ अस्थायी आवास केन्द्रमा नियमित स्वास्थ्य परीक्षण, बिरामी बालबालिकाको उपचार तथा आवश्यकता अनुसार फलोअपको व्यवस्था गरिनु पर्दछ ।
- ❖ बाढीपछिको दूषित पानी, सरसफाइको कमी तथा भीडभाडका कारण हुन सक्ने महामारी तथा स्वास्थ्य जोखिमलाई ध्यानमा राखी स्वास्थ्य, खानेपानी तथा सरसफाइ सेवाबीच प्रभावकारी समन्वय कायम गरी सेवा प्रवाह गरिनु पर्दछ ।

### *लैङ्गिक तथा यौनिक अल्पसख्यक बालबालिका तथा किशोरकिशोरी र अपाङ्गता समावेशी सहायता*

- ❖ लैङ्गिक तथा यौनिक अल्पसख्यक बालबालिका तथा किशोरकिशोरी र अपाङ्गता भएका बालबालिका तथा व्यक्तिको व्यक्तिगत आवश्यकता पहिचान गरी पहुँचयुक्त आश्रय, शौचालय, खानेपानी, सुरक्षित आवतजावत तथा राहत सेवामा सहज पहुँच सुनिश्चित गरिनु पर्दछ ।
- ❖ आवश्यकताअनुसार ह्वीलचेयर, बैसाखी, श्रवण तथा दृष्टि सम्बन्धी सहायक सामग्री लगायत आवश्यक उपकरणको पहिचान तथा उपलब्धताको सुनिश्चितता गरिनु पर्दछ ।
- ❖ राहत वितरण तथा सूचना प्रवाहमा विभिन्न प्रकारका अपाङ्गता भएका वक्तिको पहुँचलाई ध्यानमा राखी श्रव्य, दृश्य तथा अन्य पहुँचयुक्त माध्यम प्रयोग गर्ने प्रणाली बनाइ तत्काल लागू गरिनु पर्दछ ।

## संरक्षणका लागि सुझाव तथा सिफारिस

## संघीय सरकारका लागि सुझाव तथा सिफारिस

- ❖ संघीय सरकारले बाढी प्रभावित स्थानीय तहहरूमा बाल संरक्षणलाई विपद् प्रतिकार्य तथा पुनःस्थापनाको केन्द्रीय प्राथमिकतामध्ये एकका रूपमा राखी सम्बन्धित मन्त्रालय तथा निकायबीच समन्वित तथा एकीकृत कार्ययोजना लागू गर्नुपर्दछ ।
- ❖ गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, महिला, बालबालिका, लैगिंक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, लगायत सम्बन्धित निकायबीच बाल संरक्षण, शिक्षा, स्वास्थ्य,

पोषण तथा सामाजिक संरक्षणलाई जोड्ने समन्वित तथा एकीकृत प्रतिकार्य संयन्त्र सुदृढ बनाई लागू गरिनु पर्दछ ।

- ❖ बाढीबाट प्रभावित बालबालिका तथा परिवार सम्बन्धी एकीकृत तथा प्रमाणीकरण गरिएको तथ्याङ्क तयार गरी संघ, प्रदेश तथा स्थानीय तहमा साझा उपयोगिता हुने व्यवस्था गरिनु पर्दछ ।
- ❖ परिवारबाट छुट्टिएका, अभिभावक बेपत्ता वा मृत्यु भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि विद्यमान राष्ट्रिय बाल अधिकार संरक्षण तथा घटना व्यवस्थापन प्रणालीलाई तत्काल सक्रिय बनाइ लागू गरिनु पर्दछ ।
- ❖ विद्यालय तथा शैक्षिक संरचनाको क्षतिको राष्ट्रियस्तरमा मूल्याङ्कन गरी अस्थायी सिकाइ केन्द्रको स्थापना देखि विद्यालय पुनर्निर्माणसम्मको विस्तृत कार्ययोजना बनाउनु पर्दछ ।
- ❖ बाढी प्रभावित परिवारको आर्थिक संकटले बाल श्रम, विद्यालय छाड्ने, बाल विवाह तथा शोषणको जोखिम बढाउन सक्ने भएकाले सामाजिक संरक्षण, नगद सहायता तथा जीविकोपार्जन पुनःस्थापनाका कार्यक्रमलाई बाल संरक्षणसँग जोड्नु पर्दछ ।
- ❖ बाल संरक्षण प्रणालीलाई सुदृढीकरण गर्न संघीय, प्रादेशिक र स्थानीय तहमा एकीकृत स्रोत व्यवस्थापन तथा वजेट विनियोजन गरिनु पर्दछ ।
- ❖ विपद्पछिको पुनर्निर्माणमा विद्यालय, स्वास्थ्य संस्था, खानेपानी तथा अन्य सार्वजनिक संरचना पुनर्निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री तथा विपद् प्रतिरोधी बाल संरक्षण मापदण्ड अनिवार्य रुपमा लागू गरिनु पर्दछ ।
- ❖ बालबालिकाका लागि जलवायु न्यायको सन्दर्भमा राष्ट्रिय तथा अन्तराष्ट्रिय मुद्दाको रुपमा उठान गरिनु पर्दछ ।

## प्रदेश सरकारका लागि सुझाव तथा सिफारिस

- ❖ प्रदेश सरकारले प्रभावित स्थानीय तहबीच बाल संरक्षण, स्वास्थ्य, शिक्षा, सामाजिक विकास तथा विपद् व्यवस्थापन सम्बन्धी अन्तर स्थानीय तह समन्वयलाई सुदृढ बनाउनु पर्दछ र बालबालिका केन्द्रित विपद् व्यवस्थापनका लागि वजेट विनियोजन गरिनु पर्दछ ।

- ❖ प्रदेशस्तरबाट मनोसामाजिक सहयोग, स्वास्थ्य सेवा, बाल संरक्षण विशेषज्ञता तथा आपत्कालीन प्राविधिक जनशक्तिको उत्पादन गरी क्षमता अभिवृद्धि सहित स्थानीय तहमा परिचालन गरिनु पर्दछ ।
- ❖ प्रभावित विद्यालय तथा स्वास्थ्य संस्थाको क्षतिको प्राविधिक मूल्याङ्कन गरी अस्थायी संरक्षण सेवा सञ्चालन तथा पुनःस्थापनाका लागि आवश्यक समन्वय, सहकार्य तथा स्रोत परिचालन गरिनु पर्दछ ।
- ❖ प्रदेश सरकार अर्न्तगतका शिक्षा क्षेत्रमा काम गर्ने निकायमार्फत प्रभावित विद्यालयका विद्यार्थीको सिकाइ निरन्तरता, अस्थायी सिकाइ केन्द्र तथा शैक्षिक सामग्रीको व्यवस्थापनमा स्थानीय तहलाई समन्वय र आवश्यक सहयोग गर्नुपर्दछ ।
- ❖ प्रदेशस्तरीय बाल अधिकार समिति मार्फत परिवारबाट छुट्टिएका तथा विशेष जोखिममा रहेका बालबालिकाको घटना व्यवस्थापन, रेफरल तथा फलोअपमा स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराउनु पर्दछ ।
- ❖ प्रदेश स्वास्थ्य प्रणालीमार्फत प्रभावित बालबालिका, शिशु, गर्भवती तथा सुत्केरी महिला र अन्य जोखिममा रहेका व्यक्तिका लागि स्वास्थ्य तथा पोषण सेवाको निरन्तरता सुनिश्चित गर्नु पर्दछ ।
- ❖ प्रदेशले बाल संरक्षण संरचनाको सुदृढीकरणका लागि राष्ट्रिय बाल संरक्षण संरचना जस्तैः बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४ को सबलीकरणका लागि सहयोग र सहकार्य गर्ने ।

## स्थानीय तहका लागि सुझाव तथा सिफारिस

- ❖ प्रभावित स्थानीय तहले प्रत्येक होल्डिङ सेन्टर तथा अस्थायी आश्रयस्थलका लागि एक जना बाल संरक्षण/सम्पर्क व्यक्ति तोकी नाम र सम्पर्क नम्बर सार्वजनिक गरिनु पर्दछ ।
- ❖ स्थानीय तहले प्रत्येक केन्द्रमा रहेका बालबालिकाको अभिलेख अद्यावधिक गर्दै परिवारसँग रहेका, एकल अभिभावकसँग रहेका, आफन्तको संरक्षणमा रहेका तथा अभिभावकीय हेरचाहबाट अलग रहेका बालबालिकालाई छुट्टाछुट्टै पहिचान गरी विवरण संकलन र व्यवस्थित अभिलेख राख्नुपर्दछ ।
- ❖ स्थानीय तहले अभिभावक तथा परिवारबाट अलग भएका, छुट्टिएका तथा जोखिममा रहेका बालबालिकाको परिवार खोज तथा पुनर्मिलन, घटना व्यवस्थापन तथा सुरक्षित रेफरलको व्यवस्था

गर्नुपर्दछ । पारिवारिक विखण्डन हुन नदिन तथा बालबालिकालाई सस्थामा पुनःस्थापना नगरी सामाजिक पुनःएकीकरणमा जोड दिनु पर्दछ ।

- ❖ स्थानीय तहले तत्काल बाल कल्याण अधिकारीको नियुक्ति वा तोकेको नभए तत्काल नियुक्ति गर्नु वा तोक्नु पर्दछ रपरिचालन गर्नुपर्दछ ।
- ❖ बाढी प्रभावित १५ वटै स्थानीय तहले घटना व्यवस्थापन तथा संरक्षण सेवालाई प्रभावकारी रुपमा प्रवाह गर्नको लागि समाजसेवी वा सामाजिक कार्यकर्ता तथा बाल मनोविज्ञ वा मनोसामाजिक परामर्शकर्ताको सूचिकरण, नियुक्ति तथा परिचालन गर्नुपर्दछ । साथै उनीहरुको क्षमता अभिवृद्धिको लागि तालीम तथा क्षमता अभिवृद्धिको क्षेत्रमा लगानी गरिनु पर्दछ ।
- ❖ अस्थायी संरक्षण सेवा केन्द्रमा सुरक्षित पानी, शौचालय, हातधुने स्थान, नुहाउने सुविधा, महिनावारी स्वच्छता सामग्री तथा फोहोर व्यवस्थापनको व्यवस्था तत्काल गरिनु पर्दछ ।
- ❖ विद्यालय सञ्चालनमा नआएसम्म स्थानीय शिक्षक तथा प्रशिक्षित स्वयंसेवकको सहयोगमा अस्थायी सिकाइ केन्द्र तथा बालमैत्री स्थान स्थापना तथा सञ्चालन गर्नुपर्दछ ।
- ❖ स्थानीय स्वास्थ्य संस्थामार्फत बालबालिका तथा परिवारको नियमित स्वास्थ्य परीक्षण, पोषण अवस्था पहिचान तथा आवश्यक उपचार र रेफरलको व्यवस्था गर्नुपर्दछ ।
- ❖ स्थानीय तहले प्रहरी तथा समुदायसँग समन्वय गरी अस्थायी संरक्षण सेवा केन्द्रमा रात्रीकालीन सुरक्षा, बाल तथा महिला सुरक्षा र उजूरी/गुनासो सुनुवाइको व्यवस्था गर्नुपर्दछ ।
- ❖ प्रभावित परिवारको सामाजिक तथा आर्थिक अवस्थाको आधारमा सामाजिक सुरक्षा, नगद सहायता, खाद्य सहायता तथा जीविकोपार्जन पुनःस्थापनाका लक्षित कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।
- ❖ विपद्का कारण नष्ट भएका वा हराएका बालबालिका तथा परिवारका महत्वपूर्ण व्यक्तिगत तथा पहिचान सम्बन्धी कानूनी कागजातको तत्काल पुनःप्राप्तिको व्यवस्था गर्नुपर्छ । जन्मदर्ता, विद्यालय सम्बन्धी अभिलेख तथा अन्य व्यक्तिगत पहिचान सम्बन्धी कागजातको विवरण संकलन गरी आवश्यक प्रतिलिपि सेवा निःशुल्क र सहज रूपमा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ । भविष्यमा यस्ता विपद्का कारण अभिलेख नष्ट हुन नदिन स्थानीय तहका महत्वपूर्ण कागजातको डिजिटल ब्याकअप, सुरक्षित भण्डारण र विपद्पूर्व अभिलेख संरक्षण प्रणाली अनिवार्य रूपमा विकास गर्नुपर्छ ।

❖ स्थानीय विपद् व्यवस्थापन तथा बाल संरक्षण योजनामा बालबालिकाको आवश्यकता र सहभागितालाई नियमित रूपमा समेट्ने व्यवस्था बलियो बनाइनु पर्दछ । बालबालिका तथा किशोरकिशोरी सम्बन्धी काम गर्ने संघ संस्था र विभिन्न सामाजिक संघ संस्था/नागरिक संघ संस्थासँग समन्वय गरी कार्य गर्ने र गराउने ।

## तालिका नं. ६

## स्थानीय, प्रादेशिक तथा संघीय सरकारले एक आपसी समन्वयमा प्रमाणीकरण गर्नुपर्ने सवालहरु

| प्रमाणीकरण गर्नुपर्ने विषय | आवश्यक विवरण |
|---|---|
| प्रभावित जनसंख्या | कुल प्रभावित व्यक्ति तथा घरधुरीको वास्तविक विवरण |
| बालबालिका | कुल संख्या तथा उमेर र लिंगअनुसारको वास्तविक विवरण |
| परिवारबाट अलग तथा छुट्टिएका बालबालिका | अभिभावक तथा हेरचाहकर्ताको अवस्था र घटना विवरण |
| बेपत्ता व्यक्ति | संख्या, पहिचान, खोजी तथा परिवार पुनर्मिलनको अवस्था |
| अपांगता भएका व्यक्ति | संख्या, उमेर, लिंग, अपांगताको प्रकार र सहायक सामग्रीको आवश्यकता |
| विद्यालय तथा सेवा | क्षतिग्रस्त विद्यालय, विद्यार्थी, स्वास्थ्य र सामुदायिक सेवाको अवस्था |
| आश्रय तथा खाद्यान्न | क्षमता, वास्तविक बसोबास, खाद्यान्न, खानेपानी तथा सरसफाइको उपलब्धता |
| मनोसामाजिक आवश्यकता | जोखिम, सेवा पहुँच, रेफरल तथा फलोअप अवस्था |
| बाल संरक्षण सेवा | स्थानीय बाल अधिकार संरक्षण संयन्त्र, घटना व्यवस्थापन र रेफरल क्षमता |

## नागरिक समाज तथा नागरिक समाज संस्थाका लागि सुझाव तथा सिफारिस

- नागरिक समाज तथा बाल संरक्षण क्षेत्रमा कार्यरत संस्थाले स्थानीय तहसँग समन्वय गरी बाल संरक्षण घटना व्यवस्थापन, परिवार खोज तथा पुनर्मिलन र सुरक्षित रेफरलमा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्दछ ।
- अस्थायी आश्रयस्थलमा बालमैत्री स्थान स्थापना तथा सञ्चालन, खेलकुद, सिर्जनात्मक गतिविधि, अनऔपचारिक शिक्षा तथा मनोसामाजिक सहयोगका कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- महिला तथा किशोरीको सुरक्षा, गोपनीयता, महिनावारी स्वच्छता तथा हिंसा/शोषणबाट संरक्षणका लागि आवश्यक सहयोग उपलब्ध गराउनु पर्दछ ।
- अपाङ्गता भएका बालबालिका तथा परिवारको व्यक्तिगत आवश्यकता पहिचान गरी सहायक सामग्री, पहुँचयुक्त सेवा तथा समावेशी राहत व्यवस्थापनमा सहयोग गर्नुपर्दछ ।
- विपद् प्रभावित परिवारका आवाज, विशेष गरी बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समूहको अनुभवलाई सुरक्षित र गोपनीय रूपमा अभिलेखीकरण गरी स्थानीय तथा प्रदेशस्तरीय समन्वयमा त्यसको समाधानका लागि पैरवी गर्नुपर्दछ ।
- बालबालिकाको फोटो, भिडियो तथा व्यक्तिगत विवरण सङ्कलन तथा प्रयोग गर्दा बाल संरक्षण, गोपनीयता, सहमति तथा मर्यादा सम्बन्धी मापदण्डको पालना गर्नुपर्दछ ।

## विकास साझेदार तथा मानवीय सहायता संस्थाका लागि सुझाव तथा सिफारिस

- विकास साझेदार तथा मानवीय सहायता संस्थाले तत्कालीन राहतलाई मध्यम तथा दीर्घकालीन पुनःस्थापनासँग जोड्दै बाल संरक्षण प्रणाली, शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाइ, मनोसामाजिक सहयोग तथा सामाजिक संरक्षणको एकीकृत कार्यक्रममा लगानी गर्नुपर्दछ ।
- स्थानीय तहको आवश्यकता तथा क्षमता मूल्याङ्कन गरी अस्थायी सिकाइ केन्द्र, बालमैत्री स्थान, स्वास्थ्य सेवा, पोषण, खानेपानी तथा सरसफाइ तथा बाल संरक्षण घटना व्यवस्थापनका लागि आवश्यक प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउनु पर्दछ ।
- विशेष संरक्षण आवश्यकता भएका बालबालिका तथा उच्च जोखिममा रहेका परिवारका लागि लक्षित नगद सहायता तथा सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

- ❖ प्रभावित विद्यालय तथा अन्य सार्वजनिक संरचनाको पुनर्निर्माणमा Build Back Better अवधारणा अनुसार बालमैत्री, अपाङ्गतामैत्री तथा विपद् जोखिम न्यूनीकरणयुक्त संरचनालाई प्राथमिकता दिनुपर्दछ ।
- ❖ स्थानीय तह तथा नागरिक समाज संस्थाको क्षमता अभिवृद्धि गरी विपद्को समयमा बाल अधिकार संरक्षण प्रणाली विकास गरी घटना व्यवस्थापन, रेफरल, परिवार पुनर्मिलन तथा मनोसामाजिक सहयोगलाई आवश्यक जनशक्ती व्यवस्थापन, क्षमता अभिवृद्धिका कार्यलाई स्थानीय प्रणालीमै संस्थागत गर्नुपर्दछ ।

## निजी क्षेत्रका लागि सुझाव तथा सिफारिस

- ❖ निजी क्षेत्रले प्रभावित बालबालिका तथा परिवारका लागि खाद्य सामग्री, पानी, सरसफाइ सामग्री, शैक्षिक सामग्री, कपडा तथा अन्य आवश्यक सामग्री उपलब्ध गराउँदा स्थानीय आवश्यकता तथा जोखिममा आधारित वितरणलाई प्राथमिकता दिनुपर्दछ ।
- ❖ विद्यालय तथा शैक्षिक सामग्रीमा क्षति पुगेका बालबालिकाका लागि झोला, कापी, किताब, लेखन सामग्री तथा डिजिटल/शैक्षिक सामग्री सहयोग गर्नुपर्दछ ।
- ❖ निजी अस्पताल, स्वास्थ्य संस्थाले प्रभावित बालबालिका तथा परिवारका लागि आवश्यक निःशुल्क स्वास्थ्य परीक्षण, औषधि वितरण तथा विशेषज्ञ सेवामा सहयोग गर्नुपर्दछ ।
- ❖ दूरसञ्चार तथा प्रविधि क्षेत्रले प्रभावित परिवारको सम्पर्क पुनःस्थापना, सूचना प्रवाह, निःशुल्क इन्टरनेट सुविधा तथा परिवार खोज तथा सम्पर्क प्रक्रियामा सहयोग गर्नुपर्दछ ।
- ❖ निजी क्षेत्रबाट प्रदान गरिने राहत तथा सहयोगलाई स्थानीय तह तथा मानवीय समन्वय संयन्त्रसँग समन्वय गरी दोहोरो वितरण तथा छुटेका परिवारको समस्या न्यून गर्ने गरी लगानी तथा परिचालन गरिनुपर्दछ ।

## मध्यमकालीन तथा दीर्घकालीन संरक्षण तथा पुनःस्थापना

- ❖ बाढीपछिको पुनःस्थापनालाई केवल घर तथा भौतिक संरचनाको पुनर्निर्माणमा सीमित नराखी परिवारको सामाजिक, आर्थिक तथा मनोसामाजिक पुनःस्थापनासँग जोड्ने ।
- ❖ घर, कृषि, पशुधन, व्यवसाय तथा रोजगारीका स्रोतमा क्षति भएका परिवारको आर्थिक पुनःस्थापनालाई बालबालिकाको शिक्षा, स्वास्थ्य तथा पोषणसँग जोडेर हेर्ने नीति तय गर्ने ।
- ❖ परिवारको आयस्रोतमा आएको कमीका कारण बाल श्रम, विद्यालय छाड्ने, बाल विवाह, शोषण तथा अन्य नकारात्मक अवस्था आउन सक्ने भएकाले उच्च जोखिममा रहेका परिवारलाई लक्षित सामाजिक संरक्षणका कार्यक्रमहरु तत्काल सञ्चालन गर्ने ।
- ❖ विद्यालय पुनर्निर्माण तथा पुनःसञ्चालनसँगै विद्यार्थीको सिकाइ क्षति, विद्यालय छाड्ने जोखिम तथा मानसिक स्वास्थ्य अवस्थाको समेत मूल्याङ्कन गर्ने ।
- ❖ विपद् प्रभावित क्षेत्रमा स्थानीय बाल अधिकार संरक्षण प्रणाली, बाल क्लब, विद्यालय, स्वास्थ्य संस्था, प्रहरी तथा समुदायबीच नियमित समन्वय संयन्त्र विकास गरी बाल संरक्षण जोखिमको निरन्तर अनुगमन गर्ने प्रणाली विकास गर्ने ।
- ❖ भविष्यमा बाढी तथा अन्य विपद्का समयमा बालबालिका परिवारबाट छुट्टिने, हराउने वा जोखिममा पर्ने अवस्था न्यून गर्न परिवार सम्पर्क, सुरक्षित उद्धार, दर्ता, ट्र्याकिङ तथा पुनर्मिलन सम्बन्धी पूर्वतयारी प्रणाली सुदृढ पार्ने ।
- ❖ विपद् जोखिम न्यूनीकरण तथा स्थानीय विपद् व्यवस्थापन योजनामा बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य विशेष संरक्षणको आवश्यकता भएका समूहको जोखिम र आवश्यकतालाई नियमित रूपमा समावेश गर्ने ।
- ❖ विपद्मा बालबालिकाको संरक्षणलाई सुनिश्चित गर्नको लागि आवश्यक दक्ष जनशक्ति, त्यसको क्षमता विकास तथा आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने ।

## समग्र प्राथमिकता निर्धारण

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा प्रभावित क्षेत्रमा बाल संरक्षण तथा परिवारको पुनःस्थापनाका प्राथमिकताहरुलाई निम्न तालिकामा प्रस्तुत गरिएको छः

## तालिका नं.७

## प्रभावित क्षेत्रमा बाल संरक्षण तथा परिवारको पुनःस्थापनाका प्राथमिकताहरू

| प्राथमिकताक्रम | प्रमुख कार्यक्षेत्र | मुख्य लक्षित समूह |
|---|---|---|
| पहिलो प्राथमिकता | उद्धार तथा जीवनरक्षा, सुरक्षित आश्रयस्थल, परिवार खोज तथा पुनर्मिलन, वेपत्ता तथा सम्पर्कविहीन बालबालिकाको प्रमाणीकरण | परिवारबाट छुट्टिएका, अभिभावविहीन तथा उच्च जोखिममा रहेका बालबालिका |
| दोस्रो प्राथमिकता | खानेपानी, शौचालय, सरसफाइ, पोषण तथा स्वास्थ्य सेवा | सम्पूर्ण प्रभावित बालबालिका तथा परिवार, विशेषगरी शिशु र साना बालबालिका |
| तेस्रो प्राथमिकता | बालमैत्री स्थान, अस्थायी सिकाइ तथा शैक्षिक सामग्री | विद्यालय बन्द भएका तथा विस्थापित बालबालिका |
| चौथो प्राथमिकता | मनोसामाजिक प्राथमिकता सहायता तथा मानसिक स्वास्थ्य सिफारिस | आघात तथा तनावमा रहेका बालबालिका तथा परिवार |
| पाँचौं प्राथमिकता | हिंसा, दुर्व्यवहार, यौन शोषण, बाल विवाह तथा बेचविखनबाट संरक्षण | किशोरी, परिवारबाट छुट्टिएका तथा आर्थिक रुपमा कमजोर बालबालिका |
| छैटौं प्राथमिकता | लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिका तथा किशोरकिशोरी र अपांगता समावेशी राहत तथा सेवा पहुँच | लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिका तथा किशोरकिशोरी र अपांगता भएका बालबालिका तथा परिवार |
| सातौं प्राथमिकता | सामाजिक संरक्षण, नगद सहायता तथा जीविकोपार्जन पुनःस्थापना | घर तथा आय स्रोत गुमाएका तथा उच्च जोखिममा रहेका परिवार |
| आठौं प्राथमिकता | विद्यालय, स्वास्थ्य संस्था तथा अन्य संरचनाको बालमैत्री र विपद् प्रतिरोधी पुनर्निमाण | दीर्घकालीन रुपमा प्रभावित बालबालिका तथा समुदाय |

## तालिका नं. ८

बाल संरक्षणको क्षेत्रमा आवश्यक रहेको तत्कालीन, मध्यमकालीन तथा दीर्घकालीन प्राथमिकता

| **समयावधि** | **प्रमुख प्राथमिकता क्षेत्र** | **प्रमुख कार्य** |
|---|---|---|
| तत्काल (३० दिनभित्र) | उद्धार तथा जीवनरक्षा र संरक्षण<br>सेवा निरन्तरता | ○ जोखिममा रहेका बालबालिकाको पहिचान<br>○ परिवार खोज र पुनर्मिलन<br>○ सुरक्षित आश्रय<br>○ व्यक्तिगत विवरण दर्ता तथा अभिलेखीकरण<br>○ खानेपानी तथा सरसफाइ<br>○ खाद्यान्न<br>○ शिशु तथा बाल पोषणको सुनिश्चितता<br>○ मनोसामाजिक प्राथमिक सहायता<br>○ सुरक्षा योजना<br>○ बाल संरक्षण डेस्क/घटना व्यवस्थापन<br>○ अस्थायी सिकाइ केन्द्रको स्थापना<br>○ स्वास्थ्य तथा मनोसामाजिक सिफारिश<br>○ अपाङ्गता समावेशी सहायता<br>○ महिला/किशोरीका सुरक्षित स्थान |
| मध्यमकालीन (१ महिना देखि ६ महिना) | पुनःस्थापना | ○ विद्यालय र स्वास्थ्य संरचना पुनःस्थापना<br>○ परिवारको आय/जीविकोपार्जन सहयोग<br>○ सामाजिक संरक्षण विस्तार<br>○ बाल अधिकार संरक्षण प्रणाली सुदृढीकरण |
| दीर्घकालीन (६ महिना+) | लचिलोपन र अधिकारमा आधारित पुनर्निर्माण | ○ बालमैत्री विपद् जोखिम न्यूनीकरण योजना<br>○ सुरक्षित विद्यालय तथा आश्रयस्थल पुनर्निर्माण<br>○ स्थानीय बाल अधिकार संरक्षण प्रणालीको सक्रियता अभिवृद्धि<br>○ जोखिम नक्साङ्कन<br>○ बालबालिकाको सहभागिता र जवाफदेहिता |

## निष्कर्ष

भोटेकोशी बाढीको प्रभाव बालबालिकामा बहुआयामिक तबरले परेको छ। त्यसैले यो तत्कालीन राहतको विषय मात्र नभइ बाल अधिकार, बाल संरक्षण, शिक्षा, स्वास्थ्य, पोषण, पारिवारिक हेरचाह, सामाजिक सुरक्षा तथा दीर्घकालीन विकाससँग जोडिएको बहुआयामिक मानवीय संकटका रूपमा रहेको छ। विपद्का कारण विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल पहिचान, परिवार खोजी तथा पुनर्मिलन, सुरक्षित अस्थायी संरक्षण सेवा प्रबन्ध तथा वैकल्पिक हेरचाह, बालमैत्री तथा सुरक्षित आश्रय, शिक्षाको निरन्तरता, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, मनोसामाजिक सहयोग र हिंसा तथा शोषणबाट सुरक्षा तत्कालीन प्राथमिकताका राखी व्यवस्थापन गर्न अति आवश्यक छ। मध्यम तथा दीर्घकालीन रूपमा परिवारको आर्थिक पुनःस्थापना, सामाजिक संरक्षणको विस्तार, विद्यालय तथा स्वास्थ्य संरचनाको पुनर्निर्माण, स्थानीय बाल अधिकार संरक्षण प्रणालीको सुदृढीकरण र विपद् जोखिम न्यूनीकरणमा बालबालिकाको भावनाको कदर तथा अर्थपूर्ण सहभागिता लगायतका विषयलाई ध्यानमा राखी संस्थागत विकास गर्नुपर्दछ।

यसका लागि संघीय, प्रादेशिक सरकार तथा स्थानीय तहले बालबालिका तथा किशोरकिशोरीका बाल क्लब, बाल सञ्जाल, संगठन, नागरिक समाज, नागरिक समाज संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबीच स्पष्ट भूमिका र जिम्मेवारी सहितको समन्वय आवश्यक देखिन्छ। मूलतः तथ्याङ्क प्रमाणीकरण, जोखिममा रहेका बालबालिकाको पहिचान, तत्काल संरक्षण तथा सेवा, परिवार पुनर्मिलन/घटना व्यवस्थापन, शिक्षा तथा मनोसामाजिक पुनःस्थापना, सामाजिक तथा आर्थिक पुनःस्थापनालाई निरन्तर प्रक्रियाका रूपमा अघि बढाउँदा मात्र बाढी प्रभावित बालबालिकाको तत्काल सुरक्षा, संरक्षण र दीर्घकालीन रुपमा बालबालिकाको अधिकार सुनिश्चित गर्नुपर्ने देखिन्छ। विपद्मा जनजाति तथा सीमान्तकृत समुदायका बालबालिका बढी प्रभावित भएका हुन्छन् र यो विपद्मा पनि सोही अवस्था देखिएको छ। जलवायु परिवर्तनको कारण बाढी पहिरो आउन सक्ने र बाढी पहिरोको मारमा नेपाली बालबालिका समेतले अतुलनीय क्षति तथा नोक्सानी प्रत्यक्ष रुपमा भोग्नु परेको अवस्था रहेको पाइएको छ। आगामी विपद् प्रतिकार्य तथा पुनःस्थापनामा "सबैलाई समान राहत" भन्दापनि "जोखिम र आवश्यकतामा आधारित लक्षित संरक्षणमा पहिलो प्राथमिकता बाल संरक्षण" को दृष्टिकोण अपनाउनु पर्ने देखिन्छ।



*भोटेकोशी बाढीपछिको अवस्था, देवीघाट, नुवाकोट । फोटो: शिरीष बुर्लाकोटी/सेभ द चिल्ड्रेन*